वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) रजत जयन्ति विशेषांक

वातावरण र जनस्वास्थ्य संस्थाको त्रैमासिक प्रकाशन

# अंजुली

वर्ष ७, अंक १, साउन - असोज २०७३




## वातावरणमैत्री सुरक्षित खानेपानी, उन्नत सरसफाइ र दिगो स्वच्छतापुर्ण व्यवहारका विधि र प्रविधिहरूको विकास र प्रवर्द्धनमा एन्फोको २५ बर्षको यात्रा (वि.सं. २०४७ - २०७३)

# विषय सूची


**सफलताका २५ वर्षहरू** १

सन् १९९० : एन्फो स्थापना २

सन् १९९१ : पानीको गुणस्तर परीक्षण र प्रयोगशाला २

सन् १९९२ : वायुको गुणस्तर मापन र घरभित्रको वायु प्रदुषण न्यूनीकरण ३

सन् १९९३ : पानी परीक्षण फिल्ड टेष्ट किटको विकास ३

सन् १९९४ : घरेलु खानेपानी शुद्धिकरण प्रविधि "पीयूष" को विकास र प्रवर्द्धन ४

सन् १९९५ : एकीकृत खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रमको शुरूवात ४

सन् १९९६ : घरेलु, संस्थागत र सामुदायिक फोहरमैला व्यवस्थापन ५

सन् १९९७ : फोहरपानी प्रशोधन र कृत्रिम सिमसार प्रविधिको शुरूवात ५

सन् १९९८ : दिसाजन्य लेदो अध्ययन र व्यवस्थापन ६

सन् १९९९ : विद्यालय खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रम ७

सन् २००० : आर्सेनिक परीक्षण, न्यूनीकरण तथा कञ्चन आर्सेनिक फिल्टर विकास ७

सन् २००१ : सोडिस प्रविधिको अनुसन्धान तथा प्रवर्द्धन ८

सन् २००२ : इकोसान चर्पी (मलचर्पी) को प्रवर्द्धन ८

सन् २००३ : राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कारहरू ९

सन् २००४ : पैरवी तथा ज्ञान व्यवस्थापन १०

सन् २००५ : आकासे पानी संकलन प्रविधिको प्रवर्द्धन १०

सन् २००६ : क्षमता अभिवृद्धि कार्यक्रम ११

सन् २००७ : खुल्ला दिसा मुक्त क्षेत्र घोषणा ११

सन् २००८ : खानेपानी सुरक्षा योजना १२

सन् २००९ : पश्चिम पाइला अभियान १२

सन् २०१० : BiFEAN र बायोस्याण्ड फिल्टर १३

सन् २०११ : "स्वस्थ" (SWASTHA) अवधारणा १३

सन् २०१२ : विपद् जोखिम न्यूनीकरण १४

सन् २०१३ : कौसी खेती प्रवर्द्धन १५

सन् २०१४ : नगरस्तरीय सरसफाइ योजनाको शुरूवात १५

सन् २०१५ : आपत्कालीन अवस्थामा खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन १६

**समुदायका आवाजहरू** १७

१. खुत्रुकेको पैसाले चर्पी बन्यो (गुलेरिया) १७

२. पानी पट्टी लगाउने चीज होइन रहेछ (सिन्धुली) १८

३. पहिले फिल्टर अनि मात्र खाना (गुलेरिया) १८

४. आत्म सम्मानका लागि चर्पी (सुर्खेत) १९

५. मनोज चौधरी : एक सफल बायोस्याण्ड फिल्टर उद्यमी (कैलाली) २०

६. पूर्ण सरसफाइ अभियानबाट खुशी अमृता (बर्दिया) २१

७. डोरीको सहायताले चर्पी जान्छन् दृष्टिविहिन भकारी चौधरी (कैलाली) २१

८. चर्पी र गोबरग्यासले ल्यायो पशुपति टोलमा परिवर्तन (कैलाली) २२

९. चर्पी नहुँदाको पीडा अझै सम्झिन्छिन् लक्ष्मी (ललितपुर) २२

१०. भाइको लागि सुधारिएको चुलो निर्माण (भक्तपुर) २३

११. महिनावारी र सरसफाइ चिन्ताको विषय रहेन (भक्तपुर) २४

१२. मेरो सपना पूरा गर्ने एउटा अर्को कदम (भक्तपुर) २४

१३. अन्ततः स्वच्छ व्यवहार (रसुवा) २५

१४. श्रीमतीले बचाइन् लाहुरे वाइवाको इज्जत (सिन्धुली) २५

१५. बासको चिन्ता हट्यो अहिले (ललितपुर) २६

१६. विपद्मा परेकालाई युवाको सहयोग (भक्तपुर) २७

१७. कान्छीको आशा (ललितपुर) २७

१८. कृषिमा पिसाब, समूहमा हिसाब (सुर्खेत) २८

१९. पिसाबको कमाल (सुर्खेत) २८

२०. अब पानी भर्न टाढा जानु पर्दैन (मकवानपुर) २९

२१. घरको भित्ताभन्दा स्वास्थ्य ठूलो हो (सुर्खेत) ३०

२२. सफा सुग्घरमा बस्ने बानी परिसक्यो (भक्तपुर) ३०

२३. अब त साबुन पानीले हात धुन पनि थालेकी छु (काभ्रे) ३१

२४. अब आधा दिन मै घर जानु पर्दैन (रूपन्देहि) ३२



**प्रधान सम्पादक** : बिपिन डंगोल

**सम्पादन सहयोग** : राजेन्द्र श्रेष्ठ, रोजी सिंह, लेरिका गोर्खाली, श्रृजना शाक्य, आश कुमार खाइतु

design&printproduction: **WPS**, 5550289, wpsnepal@gmail.com











# सफलताका २५ वर्षहरू

खानेपानी, सरसफाइ र स्वच्छता जनस्वास्थ्यको मूल आधार हो । एकातिर खानेपानीको अभाव र प्रदूषण बढ्दो छ भने अर्कोतिर अव्यवस्थित एवं असुरक्षित सरसफाइको अभ्यासले गाउँदेखि शहरसम्म वातावरण र जनस्वास्थ्यमा नकारात्मक असर पारिरहेको छ । यी समस्याहरू को दिगो व्यवस्थापनको लागि यसलाई घर तथा समुदायस्तरमै समाधान गरिनु पर्दछ भन्ने अवधारणाका साथ सन् १९९० मा स्थापित वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) ले विभिन्न महत्वपूर्ण कार्यहरू गर्दै सफलतापूर्वक २५ वर्षको सहयात्रा तय गरेको छ । यस समयावधिमा संस्थाले विभिन्न वातावरणमैत्री विधि र प्रविधिहरू को विकास एवं प्रवर्द्धन गरेको छ । पीयूष, मलचर्पी, खानेपानी परीक्षण, सोडिस, कञ्चन आर्सेनिक फिल्टर, बायोस्याण्ड फिल्टर, विकेन्द्रिकृत फोहरपानी प्रशोधन जस्ता प्रविधिहरू को विकास, थालनी र प्रवर्द्धन गर्दै यस संस्थाले आफ्नो अलग पहिचान एवं महत्वलाई स्थापित गरेको छ । फलस्वरूप, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमै एन्फोले आफनो छुट्टै पहिचान बनाउन सफल भएको छ । तिनै २५ वर्षीय गौरवपूर्ण यात्राका डोबहरू लाई लिपिवद्ध गरी संस्थाको त्रैमासिक प्रकाशन अन्जुली मार्फत् पस्कने जमर्को गरिएको छ ।

–सम्पादकीय

## सन् १९९० : एन्फो स्थापना



जनस्वास्थ्यमा नकारात्मक असर गर्ने वातावरणीय समस्यालाई घर र समुदायस्तरमै समाधानको लागि सरल एवं स्थानिय विधि र प्रविधिहरूको विकास गरिनु पर्दछ भन्ने मान्यताका साथ वि.सं. २०४७, कार्तिक १८ गते आइतबार तद्अनुसार सन् १९९० नोभेम्बर ४ का दिन यस वातावरण र जनस्वास्थ्य संस्था (एन्फो को स्थापना भएको थियो । वातावरणमैत्री प्रविधिहरूको विकास र प्रवर्द्धन मार्फत् वातावरणमैत्री समाजको सिर्जना गर्ने परिकल्पना गर्दै देशका विभिन्न जिल्लाहरूमा सुरक्षित एवं पर्याप्त खानेपानी, उन्नत सरसफाइ र दिगो स्वच्छतापूर्ण व्यवहार प्रवर्द्धनका कार्यक्रमहरू संचालन गरिरहेको छ । हालसम्म यस संस्थाले ७५ वटै जिल्लाहरूमा विभिन्न परियोजनाहरू संचालन गरिसकेको छ भने यस संस्थाले देश बाहिर समेत आफ्नो प्राविधिक दक्षतालाई विस्तार गरेको छ । समाज परिवर्तनका लागि आफैं नमूना बनेर प्रस्तुत हुनुपर्दछ भन्ने अवधारणाका साथ कार्यालय परिसरमा विभिन्न वातावरणमैत्री प्रविधिहरूको स्थापना र प्रयोग गरिएको छ । यसलाई थप विस्तार गरी खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी विभिन्न सूचना एवं जानकारीमूलक विधि र प्रविधिहरू संग्रह गरी रजत जयन्तीको सुअवसरमा एन्फो वास केन्द्रको स्थापना एवं शुभारम्भ गरेको छ ।

## सन् १९९१ : पानीको गुणस्तर परीक्षण र प्रयोगशाला



एन्फोमा नेपाल सरकारबाट मान्यता प्राप्त आफ्नै प्रयोगशाला रहेको छ । सन् १९९१ मा स्थापित यस प्रयोगशालामा विभिन्न श्रोतको खानेपानी गुणस्तर परीक्षण गर्नुका साथै विभिन्न प्रविधिहरूको अनुसन्धान एवं विकास पनि गरिन्छ । सन् १९९० मा प्रारम्भ गरेको बागमती नदीको पानीको गुणस्तर परीक्षण कार्य अहिलेसम्म नियमित चलिरहेको छ । यसका साथै देशको विभिन्न स्थान र क्षेत्रको खानेपानी गुणस्तर परीक्षण गरी सुरक्षित पानी सम्बन्धी पैरवी एवं जनचेतना जगाउने क्रियाकलापहरू गर्दै आइरहेको छ । यसबाहेक यस प्रयोगशालामा फोहरपानी, वायु, माटो र खाद्य गुणस्तरको परीक्षण एवं अनुगमन कार्य पनि हुँदै आइरहेको छ । वि.सं. २०५७, कार्तिक ८ गते (सन् २०००, २४ अक्टोबर) का दिन नेपाल सरकारद्वारा एन्फोको प्रयोगशालालाई आइ.एस.ओ. नेप्लास १७०२५ (ISO NEPLAS 17025) प्रणाली अन्तर्गत मान्यता प्रदान गरिएको थियो ।

## सन् १९९२ : वायुको गुणस्तर मापन र घरभित्रको वायु प्रदूषण न्यूनीकरण



काठमाडौं उपत्यकामा बढ्दै गएको वायु प्रदूषण मापन गरेर एन्फोले सन् १९९२ मा नेपालमै पहिलो पटक वायु प्रदूषण मापन कार्यको थालनी गरेको थियो । उक्त कार्यलाई निरन्तरता दिंदै तत्कालिन विज्ञान तथा वातावरण मन्त्रालयसँगको सहकार्यमा एन्फोले उपत्यकाको विभिन्न स्थानमा राखिएको ६ वटा मापन केन्द्रहरू मार्फत् सन् २००३ देखि २००६ सम्म र सन् २००७ देखि २००९ सम्म वायु प्रदूषण मापन गर्ने कार्य सम्पन्न गरेको थियो । वायु प्रदूषण सम्बन्धी कार्यलाई निरन्तरता दिंदै सन् २००८ मा धुवाँरहित चुल्हो मार्फत् खानेपानी शुद्धिकरण गर्ने प्रविधि 'वापिक' (WAPIC– Water Pasteurization through Improved Cooking Stove) को अनुसन्धान शुरू गरेको थियो । एन्फोमा स्थापित बेञ्च मोडेल (Bench Model) मा गरिएको सफलता पछि नेपालको हिमाल, पहाड र तराई क्षेत्रका विभिन्न समुदायमा वापिक प्रविधिको अनुसन्धान समेत सफलतापूर्वक सम्पन्न गरेको थियो । यस प्रविधिबाट घरभित्रको धुँवा न्यूनीकरण र खानेपानी शुद्धिकरण एकैसाथ हुन्छ ।

## सन् १९९३ : पानी परीक्षण फिल्ड टेष्ट किटको विकास



स्वस्थ जीवनयापन गर्न सुरक्षित पिउने पानीको प्रयोग गर्नु पर्छ भन्ने पक्षमा पैरवी गर्दै आएको यस संस्थाले स्थानीय स्तरमा नै पिउने पानी सुरक्षित छ/छैन जाँच गर्न सक्ने गरी पानी परिक्षण फिल्ड टेष्ट किटहरूको विकास पनि गरेको छ । सन् १९९३ मा खानेपानी शुद्धिकरणको लागि हालिएको क्लोरिनको मात्रा सही छ/छैन जाँच गर्ने एफ.आर.सि. (Free Residual Chlorine -FRC) टेष्ट किट विकास गरेको र निरन्तररूपमा सन् २००१ मा ENPHO Water Quality Field Test Kit, आर्सेनिक फिल्ड टेष्ट किट (Arsenic Field Test Kit) र पि.ए. भायल (Presence/Absence - P/A test Vial) र सन् २०१४ मा बडि बेल्ट इन्क्यूवेटर (Body Belt Incubator) जस्ता सरल प्रविधिहरू विकास एवं प्रवर्द्धन गर्दै आएको छ ।

## सन् १९९४ : घरेलु खानेपानी शुद्धिकरण प्रविधि "पीयूष" को विकास र प्रवर्द्धन



नेपालमा वर्षेनी करिब १० हजार ५ सय बालबालिकाको मृत्यु झाडापखाला र पानीजन्य रोगका कारण हुने गरेको पाइन्छ । यसको प्रमुख कारणको रूपमा नेपालमा सुरक्षित खानेपानी उपलब्ध नहुनु एवं सुरक्षित पानी सम्बन्धी ज्ञानको अभाव नै देखिन्छ । समस्या पहिचान मात्र नभई विकल्प पनि उपलब्ध गराउने कार्यमा प्रयासरत एन्फोले सन् १९९४ मा घरेलुस्तरमै पानी शुद्धिकरण गर्नको लागि पीयूष नामक (०.५ प्रतिशत) क्लोरिन झोलको उत्पादन शुरू गरेको थियो । यस संस्थाले घरेलु क्लोरिनेशन विधिलाई थप व्यवहारिक बनाउने हेतुले सन् २०१० देखि पीयूष प्लस नामक ०.७ प्रतिशत क्लोरिन झोलको अर्को उत्पादन थालेको हो । पीयूष व्यक्तिगत प्रयोगको लागि बढी व्यवहारिक देखिन्छ भने घरेलुस्तरमा एकै पटक १० लिटर र १५ लिटरको पानीलाई शुद्धिकरण गर्नको लागि पीयूष प्लस बढी उपयुक्त छ । यस बाहेक पानी शुद्धिकरण गर्नको लागि माग अनुसार एन्फोले १ प्रतिशत क्लोरिन झोल पनि उपलब्ध गराउँदै आइरहेको छ । गत २०७२ बैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्पबाट प्रभावित जिल्लाहरूमा सुरक्षित पानी प्रवर्द्धनको लागि एन्फो लगायत देशका विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्थाहरूले पीयूष एवं पीयूष प्लसको व्यापक प्रवर्द्धन गरेको थियो । एन्फोले भूकम्प पश्चात्‌को ६ महिना समयावधि भित्र ८,६८,९२८ वटा पीयूष र २,४७,३५५ वटा पीयूष प्लस बिक्रीवितरण गरेको थियो ।

## सन् १९९५ : एकीकृत खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रमको शुरुवात



स्वस्थ जीवनको लागि सुरक्षित खानेपानीको साथै उन्नत सरसफाइ, स्वच्छतायुक्त बानी एवं पोषणमा पनि उत्तिकै ध्यान दिनपुर्ने हुन्छ । सन् १९९५ मा पहिलो पटक एन्फोले सिराहाबाट समुदायमा आधारित एकीकृत खानेपानी, सरसफाइ कार्यक्रमको थालनी गरेको थियो । यसलाई विस्तार गर्ने क्रममा हालसम्म यस संस्थाले ३० वटा विभिन्न जिल्लाहरूमा एकीकृत खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रम प्रवर्द्धन गरिसकेको छ ।

## सन् १९९६ : घरेलु, संस्थागत र सामुदायिक फोहरमैला व्यवस्थापन




एन्फोले सन् १९९६ मा पहिलो पटक फोहरमैला व्यवस्थापन सम्बन्धी क्रियाकलाप प्रारम्भ गरेको थियो । सिराहाको ६ वटा विभिन्न स्वास्थ्य चौकीहरूमा चिकित्साजन्य फोहर जलाउने इन्सिनिरेटरको निर्माण गरेर फोहरमैला व्यवस्थापनको कार्य थालनी गरेको थियो । पछिल्लो समयमा समुदायमा आधारित फोहरमैला व्यवस्थापनका विभिन्न घरेलु तथा सामुदायिक प्रविधिहरू जस्तै बिन कम्पोष्टिङ्ग, गड्यौले कम्पोष्टिङ्ग, खाल्डे कम्पोष्टिङ्ग, थुप्रो कम्पोष्टिङ्ग, रिङ्ग कम्पोष्टिङ्ग आदिको प्रवर्द्धनमा विस्तारित भएको छ । हालसम्म संस्थाले देशका १५ वटा जिल्लाहरूमा घरेलु, संस्थागत तथा सामुदायिक स्तरमा विभिन्न कार्यक्रम मार्फत् एकिकृत रूपमा फोहरमैला व्यवस्थापन सम्बन्धी विविध क्रियाकलापहरू संचालन गरिसकेको छ । फोहरमैला व्यवस्थापनका लागि कम्पोष्टिङ्गको साथै बायोग्यास प्लान्ट, चिकित्साजन्य फोहरमैला र स्यानिटरी प्याड जलाउने इन्सिनिरेटर जस्ता प्रविधिहरूको समेत प्रवर्द्धन गर्दै आइरहेको छ । संस्थाले हेटौंडा, बुटवल, वर्दघाट, गुलरिया, धुलिखेल नगरपालिकाहरूमा सामुदायिक कम्पोष्ट र बायोग्यास प्लान्टको निर्माण गरेको छ । त्यसैगरी सन् २००६ मा एन्फोले केन्द्रिय वागवानी केन्द्र, किर्तिपुरको सहकार्यमा कम्पोष्टिङ्ग प्रवर्द्धन तथा अनुसन्धान केन्द्रको शुरूवात गरेको छ । काठमाडौं उपत्यकामा चिकित्साजन्य फोहरमैला व्यवस्थापन पद्धतिको स्थापनाको लागि एन्फोद्वारा सन् २००१ मा वातावरणीय प्रभाव मूल्यांकन (Environment Impact Assessment) गरेको थियो ।

## सन् १९९७ : फोहरपानी प्रशोधन र कृत्रिम सिमसार प्रविधिको शुरुवात



तिव्र एवं अव्यवस्थित शहरीकरणसँगै उचित ढल निकासको कमी त छँदैछ, त्यसमाथि भएका ढल निकास सिधै नदी नालामा मिसाइँदा प्राकृतिक तथा सांस्कृतिक धरोहरका रूपमा रहेका पवित्र नदीनालाहरू प्रदूषित हुनेक्रम दिनहुं बढ्दै गएको छ । यसै परिप्रेक्ष्यमा एन्फोले सन् १९९७ मा नेपालमा सर्वप्रथम विकेन्द्रिकृत रूपमा फोहरपानी प्रशोधन गर्ने सिमसार प्रविधि (Constructed Wetland) भित्र्याएको थियो । धुलिखेल अस्पतालबाट निस्कने फोहरपानी प्रशोधनको लागि निर्माण गरिएको सिमसार प्रविधिको सफलता एवं प्रभावकारिताले विकेन्द्रिकृत फोहरपानी प्रशोधनमा नयाँ आयाम थपेको थियो ।

यसपछि विकेन्द्रिकृत फोहरपानी प्रशोधनलाई थप प्रभावकारी एवं विस्तारित गर्ने उद्देश्यका साथ सन् २००९ देखि BORDA (Bremen Overseas Research and Development Association, Germany) सँग सहकार्य गरी (DEWATS-Decentralised Wastewater Treatment System) निर्माणको लागि प्राविधिक सहयोग एवं राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका तालिमहरू समेत संचालन गरिरहेको छ । यस प्रविधिलाई विस्तार गर्ने क्रममा हालसम्म एन्फो ले देशका विभिन्न जिल्लाहरूमा करिब ३० वटा सिमसार प्रविधिको प्रशोधन केन्द्रको स्थापना गरिसकेको छ जसमा संस्थागतदेखि घरेलुस्तर र नगरपालिका तहसम्म यसको प्रवर्द्धन भएको छ ।

## सन् १९९८ : दिसाजन्य लेदो अध्ययन र व्यवस्थापन



शहरी क्षेत्रमा दिसाजन्य लेदो (Faecal Sludge) व्यवस्थापन थप चुनौतीको विषय रहेको छ । दिसाजन्य लेदो प्रशोधन गर्ने व्यवस्था नभएको कारण सेप्टिक टैंक भरेपछि त्यसबाट निस्कने दिसाजन्य लेदो अन्ततः नदीमै विसर्जन गरिन्छ । यसकारण पनि फोहरलाई खोलानालामा नमिसाउने सोचका साथ निर्माण गरिएको सेप्टिक ट्यांकीको औचित्य नै सोचनीय बनेको छ । यसै सन्दर्भमा सन् १९९८ मा एन्फोको प्राविधिक सहयोगमा काठमाडौंको टेकुमा देशकै पहिलो दिसाजन्य लेदो प्रशोधन केन्द्र निर्माण भएको थियो । काठमाडौं महानगरपालिकाले निर्माण गरेको उक्त प्रशोधन केन्द्र लामो समयदेखि संचालनमा आउन नसकेपनि उक्त प्रयास शहरी सरसफाइमा कोसेढुंगा साबित भएको छ । यसैगरी एन्फोकै प्राविधिक परामर्शमा सन् २००३ मा पोखरा उप–महानगरपालिकामा Leachate and Septage Treatment Plant को निर्माण भएको थियो । तुलनात्मक रूपमा फोहरपानी प्रशोधन सम्बन्धी थुप्रै अध्ययन एवं कार्य भई सकेको अवस्थामा दिसाजन्य लेदो प्रशोधन सम्बन्धी भने पर्याप्त तथ्यांक एवं जानकारी समेत उपलब्ध छैन । यसैलाई मध्यनजर गरी बिल एण्ड मेलिन्दा गेट्स फाउण्डेसन, यूएस एड, वाटरएड सँगको सहकार्यमा एन्फोले काठमाडौं भित्र र बाहिरका विभिन्न जिल्लाहरूमा दिसाजन्य लेदो सम्बन्धी अध्ययन गरेको छ । सन् २०१४ मा गरिएको उक्त अध्ययन अनुसार काठमाडौं उपत्यकामा मात्र प्रति वर्ष १,७०,००० घन मिटर दिसाजन्य लेदो उत्पादन हुने गर्दछ । यसै सन्दर्भमा एन्फोले दिसाजन्य लेदो व्यवस्थापनलाई दिगो बनाउने उद्देश्यका साथ श्रीखण्डपुर ढल प्रशोधन केन्द्र र पनौति नगरपालिकाका लागि व्यापारिक योजना (Business Plan) समेत तयार पारेको छ ।

## सन् १९९९ : विद्यालय खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रम



बालबालिकालाई मात्र नभई परिवार र समाजलाई समेत शिक्षित बनाउन विद्यालयले उल्लेखनीय भूमिका खेलेको हुन्छ । विद्यालयको सुव्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताका पूर्वाधारहरूले पढ्ने र पढाउने वातावरणलाई प्रमुख रूपमा असर पारेको हुन्छ । विशेषगरी महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी पूर्वाधार र चेतनाको कमिले छात्राहरूको विद्यालय उपस्थितिमा समेत कमी आउने गरेको विभिन्न अध्ययनले देखाएको छ । यसै परिप्रेक्ष्यमा सन् १९९९ मा एन्फोले पहिलो पटक सिराहा जिल्लामा विद्यालय वास कार्यक्रमको थालनी गरेको थियो । विशेषतः विद्यालयमा बालमैत्री, लैगिंकमैत्री, अपाङ्गमैत्री खानेपानी, सरसफाइ र स्वच्छताको पूर्वाधारको विकास तथा उचित प्रयोगको लागि सहयोग गर्ने क्रममा एन्फोले हालसम्म देशका २० वटा विभिन्न जिल्लाहरूका ५०० भन्दा बढी विद्यालयहरूमा वासका पूर्वाधार निर्माण एवं सुधार र चेतना जगाउने कार्य गरिसकेको छ ।

## सन् २000 : आर्सेनिक परीक्षण, न्यूनीकरण तथा कञ्चन आर्सेनिक फिल्टर विकास



तराईका अधिकांश मानिसहरू खानेपानीको लागि ट्युबवेलमा निर्भर छन् जुन विगतमा पिउनको लागि सुरक्षित मानिन्थ्यो । तर आर्सेनिक प्रदूषणको कारण भूमिगत पानी पनि जनस्वास्थ्यको लागि असुरक्षित भएको सन्दर्भमा एन्फोले सन् २००० मा तराई जिल्लाहरूमा पहिलो पटक आर्सेनिक परीक्षण गर्नुका साथै घरेलुस्तरमै आर्सेनिक हटाउने प्रविधिको अनुसन्धान गरेको थियो । आर्सेनिक न्यूनीकरण कार्यक्रम अन्तर्गत अमेरिका स्थित MIT(Massachusetts Institute of Technology), नेपालको ग्रामिण खानेपानी तथा सरसफाइ सहयोग कार्यक्रम, नेपाल रेडक्रस सोसाइटी र एन्फोको संयुक्त प्रयासमा थालिएको उक्त अनुसन्धानको क्रममा "कञ्चन आर्सेनिक फिल्टर" को विकास गरी नेपालका आर्सेनिक प्रभावित जिल्लाहरूमा प्रवर्द्धन गरिएको थियो । हालसम्म करिब १,७५,००० मानिसहरूले कञ्चन आर्सेनिक फिल्टर प्रयोग गरी सुरक्षित पानी उपभोग गरिरहेका छन् । कञ्चन आर्सेनिक फिल्टर सुरक्षित खानेपानी प्रवर्द्धनमा एक कोसेढुङ्गा साबित भएको छ । स्थानीय सामाग्री प्रयोग गरी बनाउन सकिने कञ्चन आर्सेनिक फिल्टरबाट आर्सेनिकको साथै जीवाणु, आइरन र

धमिलोपना समेत हटाउन सकिन्छ । यस प्रविधिलाई सन् २००३ मा अमेरिकामा आयोजित वर्ल्ड बैंक डेवेलप्मेन्ट मार्केटप्लेस (World Bank Development Marketplace) मा "उपयुक्त प्रविधिको" रूपमा पुरस्कृत गरिएको थियो । सन् २००५ मा "लौन अब त केही गरौं" नामक नेपाल विकास बजार पुरस्कारद्वारा पनि यस प्रविधिलाई सम्मानित गरिएको थियो । कञ्चन आर्सेनिक फिल्टरमा किला नराखी पनि प्रयोग गर्न सकिन्छ जसबाट पानीमा भएको जीवाणु, आइरन र धमिलोपना हटाउन सकिन्छ । यो किला नराखी प्रयोग गरिने फिल्टरलाई बायोस्याण्ड फिल्टर भनिन्छ र हाल नेपालमा २८ जना स्थानीय उद्यमीहरूले लघु उद्योगको रूपमा स्थापना गरी स्थानीय स्तरमा नै बायोस्याण्ड फिल्टरको निमार्ण र बिक्री वितरण गर्दै आइरहेका छन् ।

## सन् २००१ : सोडिस प्रविधिको अनुसन्धान तथा प्रवर्द्धन



सौर्य शक्तिबाट खानेपानी शुद्धिकरण गर्ने प्रविधि अर्थात् सोडिस (Solar Water Disinfection- SODIS) लाई Eawag/SANDEC को सहकार्यमा एन्फोले सन् २००० मा नेपालमा पहिलो पटक खानेपानी शुद्धिकरण गर्ने एक सरल घरेलु प्रविधिका रूपमा भित्र्याएको थियो । नेपालको हिमाल, पहाड र तराई गरी तीनै क्षेत्रको हावापानीमा सोडिसको प्रभावकारिता अध्ययन गरी यस प्रविधिलाई समुदायमा प्रवर्द्धन गरिएको थियो । यस प्रविधिलाई सन् २००७ मा एन्फोले भारतको सिक्किममा समेत प्रवर्द्धन गरेको थियो । घरेलुस्तरमा खानेपानी शुद्धिकरण गर्ने विधि मध्ये सोडिस प्रविधि एक सरल र सस्तो प्रविधि हो । यस सोडिस प्रविधिलाई सरकारी निकाय एवं विभिन्न गैरसरकारी संस्थाहरूले पनि प्रवर्द्धन गर्दै आइरहेको छ । विश्व स्वास्थ्य संगठन (WHO) बाट सन् २००१ मा मान्यता प्राप्त यस प्रविधिलाई सन् २००२ मा UN–Habitat दुबई पुरस्कार र सन् २००३ मा जापान सरकारबाट क्योटो पुरस्कारद्वारा पुरस्कृत गरिएको थियो ।

## सन् २००२ : इकोसान चर्पी (मलचर्पी) को प्रवर्द्धन



घरघरमा निमार्ण हुने चर्पीहरूबाट निस्कने दिसाजन्य फोहरलाई उचित व्यवस्थापन गरी वातावरणीय प्रदूषण कम गर्न नेपालमा एन्फोले मलचर्पीको अनुसन्धान र प्रवर्द्धन गरेको हो । दिसा र पिसाबलाई अलग अलग संकलन गरी आवश्यक प्रशोधन पछि मलको रूपमा प्रयोग गरिने यस चर्पीलाई वातावरणमैत्री वा इकोसान (Ecological Sanitation-EcoSan) चर्पी पनि भनिन्छ । सन् २००२ मा

नेपालमा पहिलो पटक एन्फोले ललितपुरको खोकनाबाट मलचर्पीको प्रवर्द्धन शुरू गरेको थियो । एन्फोले मुख्यगरी सुख्खा र चिसो गरी दुई किसिमको मलचर्पीको प्रवर्द्धन गर्दै आएको छ र हालसम्म यस प्रविधिलाई ११ वटा जिल्लाहरूमा विस्तार गरिसकेको छ । मलचर्पी प्रवर्द्धनसँगै यसका विविध पक्षहरूमा अध्ययन र अनुसन्धान पनि गरिएको छ । यसक्रममा दिसामा हुने किटाणु कसरी र कति समयावधिपछि नष्ट हुन्छ, पिसाबलाई अन्य कम्पोष्टमा प्रयोग, मलचर्पीबाट उत्पादित दिसा मल एवं पिसाब मलको प्रयोग र कृषि उत्पादनमा उक्त मलको प्रभावकारिता, मलचर्पीको सामाजिक, आर्थिक पक्ष जस्ता विविध पक्षमा अध्ययन र अनुसन्धान सम्पन्न भएको छ । एन्फोले कृषिमा मलचर्पीबाट उत्पादित मलको प्रयोग र यसको प्रभावकारिता सम्बन्धी अनुसन्धान खोकना, गुण्डु र केन्द्रिय वागवानी केन्द्र किर्तिपुरमा सम्पन्न गरेको छ ।

## सन् २००३ : राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कारहरु



एन्फोलाई अनुसन्धानात्मक एवं प्राविधिक दक्षता भएको संस्थाको रूपमा चिन्ने गरिन्छ । त्यसो त यस संस्थाले विभिन्न समयमा गरेको अध्ययन, अनुसन्धान र प्रविधि विकासले उक्त चिनारीलाई स्थापित गरेको छ भने यस संस्थालाई हालसम्म प्राप्त पुरस्कारहरूले उक्त चिनारीलाई थप पुष्ट्याउँदछ । सन् २००३ मा अमेरिकामा आयोजित वर्ल्ड बैंक डेभेलप्मेन्ट मार्केटप्लेस (World Bank Development Marketplace) मा उपयुक्त प्रविधिको रूपमा "कञ्चन आर्सेनिक फिल्टर" लाई पुरस्कृत गरिएको थियो भने सोही प्रविधिलाई सन् २००५ मा नेपालमा आयोजित "लौन अब त केही गरौं" नामक नेपाल विकास बजार पुरस्कारद्वारा पनि सम्मानित गरिएको थियो । त्यसैगरी सन् २००५ मा नेपाल सरकारको विज्ञान तथा प्रविधि मन्त्रालयबाट वातावरण पुरस्कार प्रदान गरिएको थियो र सन् २००९ मा वायु गुणस्तर सुधार कार्यका लागि Partnership for Clean Indoor Air (PCIA) द्वारा Special Achievement Award बाट सम्मानित गरिएको थियो । सन् २०११ मा श्रीलंकाको कोलोम्बोमा आयोजित चौथो दक्षिण एसियाली सरसफाइ सम्मेलन (साकोसान-४) मा एन्फोद्वारा प्रस्तुत मलचर्पी सम्बन्धी पोष्टरले प्रथम स्थान प्राप्त गरेको थियो । यसैगरी सन् २०१५ मा बायोस्याण्ड फिल्टर र यसको प्रवर्द्धनको लागि परिकल्पना गरिएको व्यापारिक ढाँचालाई उत्कृष्ट ठहर गरी WAF (The Humanitarian Water and Food Award) पुरस्कार प्रदान गरिएको थियो भने सोही वर्ष सुर्खेतको विभिन्न विद्यालयको लागि प्रस्तावित Support School for Improved Learning (SuSIL) नामक विद्यालय कार्यक्रमको लागि 4th Kyoto World Water Grand Prize प्रदान गरिएको थियो ।

## सन् २००४ : पैरवी तथा ज्ञान व्यवस्थापन



सन् २००४ मा एन्फो कार्यालय रहेको भवनमा आकासेपानी संकलन, फाहोरपानी प्रशोधनशाला, मलचर्पी, बायोस्याण्ड फिल्टर, सोडिस प्रविधि, पीयूष प्रविधि, फोहरमैला व्यवस्थापनका विभिन्न प्रविधिहरूको स्थापना गरी पानी सदुपयोगको नमूना स्थलको रूपमा विकास गरिएको थियो । कार्यालयमा स्थापना गरिएको स्रोत केन्द्रले शिक्षा र पैरवीका लागि पानी र सरसफाइसँग सम्बन्धित जानकारी संकलन र भण्डारण गर्दछ । साथै संस्थाको वेबसाइट, मासिक प्रकाशन एन्फो ई-बुलेटिन, एन्फो म्यागाजिन, अन्जुली र विभिन्न सूचना, शिक्षा र संचार (IEC-Information, Education and Communication materials) का सामाग्रीहरूको माध्यमबाट ती जानकारीलाई प्रचारप्रसार गर्दै आइरहेको छ । प्रचारकै क्रममा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा "ढलमति" र "जलपरी" टेलिसिरियलको निर्माण तथा प्रसारण गरिसकेको छ भने खानेपानी, सरसफाइ, स्वच्छता एवं विपद् जोखिम न्यूनीकरणको लागि पूर्वतयारी जस्ता विषयहरूमा श्रव्य सामाग्रीहरू विभिन्न रेडियो स्टेशन मार्फत् प्रचारप्रसार गर्दै आइरहेको छ । यसैगरी 'पश्चिम पाइला' युवा संजाल मार्फत् पनि खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी विभिन्न पैरवी कार्यक्रमहरू संचालन हुँदै आइरहेको छ ।

## सन् २००५ : आकासे पानी संकलन प्रविधिको प्रवर्द्धन



आकासेपानीलाई परापूर्वकालदेखि नै पानीको वैकल्पिक स्रोतको रूपमा लिने गरिएको पाइन्छ । पानीको अभावले आक्रान्त नेपाली जनजीवनमा विशेषगरी काठमाडौं उपत्यकाका शहरी क्षेत्रहरूमा आकासेपानीको महत्व स्थापित गर्नको लागि सन् २००५ बाट यस संस्थाले विविध क्रियाकलापहरू संचालन गर्दै आइरहेको छ । गै.स.स. मञ्च (NGO Forum for Water and Sanitation) सँगको सहकार्यमा आकासेपानीको प्रयोग र यसको लागि आवश्यक नीति निर्माणको लागि पहल गरेको छ । विशेषगरी आकासेपानी संकलन प्रविधि जडानको लागि तालिम प्रदान गर्ने, आकासेपानीको गुणस्तर परीक्षण, आकासेपानी सम्बन्धी जनचेतना जगाउने जस्ता क्रियाकलापहरू संचालन गर्दै आइरहेको छ । एन्फोले विशेषगरी संस्थागत आकासेपानी प्रणाली जडान एवं प्रवर्द्धनमा आफूलाई केन्द्रित गर्दै आइरहेको छ । यसक्रममा विभिन्न सरकारी, गैरसरकारी एवं सार्वजनिक विद्यालयहरूमा आकासेपानी संकलन प्रविधि जडान तथा प्रवर्द्धनको

लागि सहयोग एवं परामर्श प्रदान गर्दै आइरहेको छ । यसको लागि आवश्यक आकासेपानी संकलनको डिजाइन तथा जडान निर्देशिका तयार गरेको छ । यस संस्थाले हालसम्म विभिन्न जिल्लामा गरी ६७ वटा आकासेपानी संकलन प्रविधि प्रवर्द्धन र जडान गरिसकेको छ जसबाट घर, विद्यालय र समुदायका मानिसहरू लाभान्वित भएका छन् ।

## सन् २००६ : क्षमता अभिवृद्धि कार्यक्रम



प्रविधि तथा अवधारणाको विकास संगै तत् सम्बन्धी ज्ञान र सीप पनि हस्तान्तरण गर्नु नितान्त आवश्यक छ, अन्यथा समुदायले त्यसको सही प्रयोग गरी लाभ लिन सक्दैनन् । ज्ञान र सीपको हस्तान्तरण गर्न क्षमता अभिवृद्धिको कार्यक्रमहरू संचालन गर्न जरूरी छ । यस संस्थाले पनि आफ्नो स्थापनाकालदेखि नै खानेपानी र सरसफाइको क्षेत्रमा क्षमता अभिवृद्धि गर्दै आइरहेको थियो । सन् २००६ मा उक्त कार्यलाई थप व्यवस्थित गर्ने हेतुले CAWST को सहकार्यमा पानी विशेषज्ञ र तालिम केन्द्र (Water Expertise and Training Center – WETC) को स्थापना गरिएको थियो । उक्त केन्द्रले सुरक्षित खानेपानी, दिगो सरसफाइ, सामुदायिक स्वास्थ्य प्रवर्द्धन, घरेलुस्तरमा खानेपानी शुद्धिकरण, मलचर्पी निर्माण, आकासेपानी संकलन, पूर्ण सरसफाइ अवधारणा, कौसी खेती, फोहरपानी प्रशोधन प्रणाली, बायोस्याण्ड फिल्टर निर्माण, दिसाजन्य लेदो व्यवस्थापन, प्रभावकारी वास तालिम संचालन, आपत्कालीन वास, पुनः स्थापनाका लागि वास, विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, फोहरमैला व्यवस्थापन जस्ता विषयमा विभिन्न समूहलाई तालिम प्रदान गर्दै आइरहेको छ भने तालिमका लागि आवश्यक निर्देशिका एवं हातेपुस्तिकाहरू समेत तयार गरेको छ । हालसम्म संस्थाबाट ७,५४३ जना विशेषज्ञ, प्रविधिक, कार्यान्वियनकर्ता, सहजकर्ताले प्रत्यक्ष तालिम लिइसकेका छन् ।

## सन् २००७ : खुल्ला दिसा मुक्त क्षेत्र घोषणा




सरसफाइ सम्बन्धी संयुक्त राष्ट्रसंघको सह्रशताब्दी विकास लक्ष्य र नेपाल सरकारको राष्ट्रिय लक्ष्यमा योगदान पुऱ्याउने उद्देश्यका साथ यस संस्थाले विभिन्न परियोजनाहरू संचालन गरेको छ । यसै सन्दर्भमा सन् २००७ मा समुदायको अगुवाइमा पूर्ण सरसफाइ अवधारणा (Total Sanitation Approach) अनुरूप ललितपुरको सिद्धिपुर गाविसका विभिन्न समुदाय र वडालाई

सम्भवत उपत्यकाको पहिलो खुल्ला दिसा मुक्त क्षेत्र (Open Defecation Free –ODF zone) घोषणा गरेको थियो । उक्त सरसफाइ अभियानलाई निरन्तरता दिने क्रममा हालसम्म यस संस्थाको सहयोग र संलनग्तामा ५ नगरपालिका र १५ गाविसहरू खुल्ला दिसा मुक्त घोषणा भइसकेका छन् जसबाट करिब १,८७,१३७ जनसंख्या प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

## सन् २००८ : खानेपानी सुरक्षा योजना



नेपाल सरकारद्वारा प्रकाशित राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ तथा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन निर्देशिका २०६२ लागु गर्ने सम्बन्धमा यस संस्थाले विभिन्न परियोजना संचालन गर्दै आएको छ । सन् २००८ मा सिद्धिपुर, गुण्डु, भौखेल, नगरकोट, इलाम, भरतपुर, नारायणघाट, कमलामाई, उदयपुरका विभिन्न खानेपानी प्रणालीमा खानेपानी सुरक्षा योजना निर्माण सम्बन्धी तालिम संचालन गरेको थियो भने उक्त तालिम पश्चात् सहभागीहरू मार्फत् खानेपानी प्रणालीको सुधार योजना तयार पारी सम्बन्धित निकायमा पेश गरेको थियो र केही नमूना खानेपानी प्रणालीमा खानेपानी सुरक्षा योजना लागु समेत गरिएको थियो । उक्त परियोजनाको सिकाइ एवं अनुभवको आधारमा शहरी खानेपानी सुरक्षा योजना निर्देशिकाको विकास गर्नुका साथै खानेपानी र सरसफाइ क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरूको क्षमता अभिवृद्धि समेत गरेको छ । यसबाहेक यस संस्थाले खानेपानी सुरक्षा योजनालाई सुरक्षित खानेपानीको लागि अत्यावश्यक अवधारणाको रूपमा विभिन्न परियोजनामा एकिकृत गरी प्रवर्द्धन गर्दै आइरहेको छ ।

## सन् २००९ : पश्चिम पाइला अभियान



सन् २००९ को जाजरकोट र रूकुममा पानीजन्य रोगका कारण महामारी फैलिएको थियो जसको चपेटामा परेर एक महिनामा झण्डै २०० जनाको मृत्यु भएको थियो । हरेक दिन जसो मृत्युको खबर सुन्न वाध्य बनाएको उक्त महामारी नियन्त्रणमा एन्फो जस्तो पानी र सरसफाइमा सक्रिय संस्था अग्रसर हुनुपर्दछ भन्ने निश्कर्ष सहित एक अभियान संचालन गरेको थियो । पश्चिम पाइला नाम दिइएको उक्त अभियान अन्तर्गत १५० जना युवाहरूलाई ती महामारीबाट प्रभावित जिल्लाहरूमा परिचालन गरिएको थियो । अभियानमा संलग्न युवाहरूले गाउँ

गाउँमा पुगेर महामारीबाट आक्रान्त स्थानीयलाई हौसला दिने, उद्धार गर्ने एवं सुरक्षित पानी र उन्नत सरसफाइको महत्व सम्बन्धी जनचेतना जगाउने कार्य गरेको थियो । उक्त घटनालाई पुनः दोहोरिन नदिन खानेपानी र सरसफाइको प्रवर्द्धनमा युवा संजाल निर्माण गर्नु पर्दछ भन्ने अवधारणा अन्तर्गत उक्त अभियानलाई पश्चिम पाइला कै नामबाट संस्थागत गरिएको छ । पश्चिम पाइलाले सन् २०१२ को कोटी बाजुरा पहिरो, सन् २०१३ को दाङ्ग पहिरो, सन् २०१४ को जुरे पहिरोमा समेत युवा स्वयं सेवकहरू परिचालन गरेको थियो भने हालै सन् २०१५ अप्रिलको विनाशकारी गोरखा भूकम्पबाट अति प्रभावित जिल्लाहरूमा उद्धार एवं वास प्रवर्द्धन कार्यमा पनि पश्चिम पाइलाले ४०० युवा स्वयं सेवकहरू परिचालन गरेको छ । यसरी हालसम्म १५०० युवा स्वयम्सेवकहरूलाई वास अभियानमा परिचालन गरिसकेको छ । यसैगरी पश्चिम पाइलाले ४० औं चरणको वास फोरम (WASH Forum) र १० औं चरणको वास कन्सर्न वर्कसप (WASH Concern Workshop) आयोजना गरिसकेको छ ।

## सन् २०१० : BiFEAN र बायोस्याण्ड फिल्टर



नेपालमा बायोस्याण्ड फिल्टरको प्रवर्द्धन सन् २००३ देखि गर्न थालिएको हो । पछिल्लो तथ्यांक अनुसार हालसम्म २८ जना उद्यमीहरूले झण्डै ३८,००० बायोस्याण्ड फिल्टर प्रवर्द्धन गरेको छ । जसबाट करिब १,९०,००० जनसंख्याले सुरक्षित पानीको उपभोग गरिरहेका छन् र दिनानुदिन यस फिल्टर प्रतिको आकर्षण बढ्दो छ । यसर्थ उद्यमीहरूको क्षमता अभिवृद्धि गरेर बायोस्याण्ड फिल्टर प्रवर्द्धनलाई व्यवसायीकरण एवं विकेन्द्रिकृत गर्ने उद्देश्यका साथ सन् २०१० मा एन्फोको पहलमा बायोस्याण्ड फिल्टर उद्यमी संगठन (Biosand Filter Enterpreneurs Association Nepal- BiFEAN) को स्थापना गरिएको छ ।

## सन् २०११ : "स्वस्थ" (SWASTHA) अवधारणा

स्वस्थ जीवनको लागि सुरक्षित खानेपानी, उन्नत सरसफाइ, दिगो व्यक्तिगत स्वच्छता, खानाको स्वच्छता एवं पोषण र वातावरणीय सरसफाइलाई एकिकृत रूपमा प्रवर्द्धन गरी स्वस्थ समुदाय निर्माण गर्नको लागि एन्फोले स्वस्थ अवधारणाको विकास गरेको छ । जस अन्तर्गत चितवनको बागबजार समुदायलाई नेपालकै पहिलो स्वस्थ समुदाय घोषणा गरेको छ र हालसम्म १७ वटा समुदायहरूलाई स्वस्थ समुदाय घोषणा गरिएको छ र यसबाट करीब ४६९९ जना मानिसहरू लाभान्वित भएका छन् ।

### स्वस्थको पाँच रणनीति




**परिचालन** : प्रभावशाली व्यक्ति, स्थानीय परिवर्तक र सामुदायिक संस्था परिचालन ।

**अवस्था मापन** : खानेपानी, सरसफाइ, स्वच्छता र स्थानीयस्तरका सबल पक्ष एवं स्रोत आदिको विद्यमान् अवस्था मापन तथा विश्लेषण ।

**प्रवर्द्धन** : समुदाय र सरोकारवालाहरू बिच सुरक्षित पानी, उन्नत सरसफाइ, सफा भान्छा र दिगो स्वच्छता अभ्यासको प्रवर्द्धन ।

**निरन्तरता** : खुल्ला दिसा मुक्त क्षेत्र, सुरक्षित पानी, सफा भान्छा, दिगो स्वच्छता अभ्यास र उचित फोहर व्यवस्थापनको निरन्तरता ।

**स्तरोन्नति** : विभिन्न संघसंस्थाहरूमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सुविधा र अभ्यासको लागि अभियान ।

## सन् २०१२ : विपद् जोखिम न्यूनीकरण



नेपाल भूकम्पीय जोखिमको हिसाबले ११ औं स्थानमा पर्दछ भने काठमाडौं उपत्यका विश्वकै पहिलो शहरमा पर्दछ । भौगोलिक बनावट, बढ्दो अव्यवस्थित शहरीकरण एवं बसोबास र पूर्वतयारीमा कमि जस्ता कारणहरूले विपद् जोखिम बढ्दै गएको छ । यस्तो अवस्थामा विपद्को कारण पुग्न सक्ने सम्भावित क्षति कम गर्ने हेतुले एन्फोले सन् २०१२ देखि विपद् पूर्वतयारी लगायत आपत्कालीन खानेपानी, सरसफाइ र स्वच्छतामा केन्द्रित गरी शहरी विपद् जोखिम न्यूनिकरण परियोजना संचालन गरेको छ । विभिन्न समुदाय, शैक्षिक तथा स्वास्थ्य संस्थाहरूमा संचालन गरेको उक्त परियोजनाले ललितपुर उप-महानगरपालिकामा जोखिम विश्लेषण गर्ने, पूर्वतयारी स्वरूप प्राथमिक उपचार, खोज तथा उद्धार, आपत्कालीन अवस्थामा खानेपानी, सरसफाइ र स्वच्छताका विषयहरूमा समुदाय र विद्यालयहरूमा विभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रमहरू संचालन गर्नुकासाथै कृत्रिम घटना अभ्यास (Mock Drill) हरू गर्ने र सुरक्षित स्थानान्तरणका लागि उपयुक्त मार्गको पहिचान गरिएको छ । त्यसैगरी काठमाडौं उपत्यकाका ११ वटा स्वास्थ्य संस्थाहरूमा आपत्कालीन खानेपानी, स्वास्थ्य र सरसफाइ सम्बन्धी विश्लेषण गर्ने र कार्ययोजना बनाउने, भण्डारण, तालिम र कृत्रिम घटना अभ्यास गर्ने जस्ता कार्यक्रमहरू संचालन भइरहेको छ ।

## सन् २०१३ : कौसी खेती प्रवर्द्धन



अव्यवस्थित र तिब्र शहरीकरणले एकातिर वातावरणीय प्रदूषण बढ्नुका साथै खानेपानीको अभाव, फोहरमैला र फोहरपानीको समस्या विकराल बन्दै गइरहेको छ । अर्कोतिर शहरीकरणसँगै स्थानीय खेतीयोग्य जमिनहरू मासिंदैछन् । जसले गर्दा अधिकांश खाद्य सामाग्रीहरू बाहिरबाट आयात गरिन्छ । यद्यपी शहरी क्षेत्रहरूमा घरेलुस्तरमा फोहरमैला तथा फोहरपानी प्रशोधन गरी फोहर उत्पादनलाई न्यूनीकरण गर्नुका साथै प्रशोधित फोहरलाई कौसी खेतीमा पुनःप्रयोग गरी तरकारी उत्पादनमा आत्मनिर्भर गराउन सकिन्छ । यसैलाई मध्यनजर गरी एन्फोले नगरपालिकाहरू तथा विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरी काठमाडौं उपत्यका भित्र र बाहिरका शहरहरूमा कौसी खेती प्रवर्द्धन गरिरहेको छ ।

## सन् २०१४ : नगरस्तरीय सरसफाइ योजनाको शुरुवात



अव्यवस्थित सरसफाइ आज शहरी क्षेत्रको एउटा ठूलो समस्या बनेको छ । फोहरमैला, फोहरपानी, दिसाजन्य लेदो व्यवस्थापनको लागि एकिकृत योजनाको अभावमा शहरी सरसफाइ थप चुनौतीपूर्ण बनेको छ । अर्कोतिर योजना निर्माण प्रक्रियामा समुदायको सहभागिता नहुँदा बनेका योजनाहरू पनि स्थानीयस्तरमा स्वीकार्य नहुनु र भएतापनि अपनत्व नहुने समस्या रहेको पाइन्छ । विशेषगरी सरसफाइमा यस्ता समस्या अझ बढी देखिन्छ । एकिकृत योजनाको हालै मात्र एन्फोले मध्यपुर थिमि नगरपालिकासँगको सहकार्यमा नगर सरसफाइ योजना निर्माण गरिरहेको छ । नगर सरसफाइ योजना एउटा वृहत्, समष्टिगत र नगरस्तरीय योजना हो जसले शतप्रतिशत फोहरमैला र फोहरपानीको सुरक्षित संकलन, प्रशोधन र सुरक्षित निकासलाई समेट्ने गर्दछ । यसको मुख्य उद्देश्य शतप्रतिशत सरसफाइमा पहुँचको लागि स्थानीय निकाय, निजी सेवा प्रदायक, गैरसरकारी संस्था, सामुदायिक संघसंस्था र नागरिकलाई कार्य थालनी गर्न सहयोग गर्नु हो ।

## सन् २०१५ : आपत्कालीन अवस्थामा खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धन



गत २०७२ वैशाख १२ गतेको भूकम्पपछि नेपालको प्रभावित १४ वटा जिल्लाहरूमध्ये ११ वटा जिल्लाहरूमा एन्फोले खानेपानी, सरसफाइ र स्वचछता सम्बन्धी राहत वितरण, जनचेतना जगाउने, क्षमता अभिवृद्धि जस्ता क्रियाकलाप मार्फत् वास (WASH) को प्रवर्द्धन गरिरहेको छ । आपत्कालीन अवस्थामा छिटो जडान गर्न सक्ने हेतुले RTI (Ready To Install) चर्पीको विकास तथा प्रवर्द्धन गरेको छ । भूकम्पबाट प्रभावित १० वटा जिल्लाहरूमा खानेपानीको गुणस्तरको परीक्षण पनि गरिएको छ भने आपत्कालीन वास प्रवर्द्धनको लागि स्थानीयहरूको क्षमता अभिवृद्धिको लागि प्राविधिक सहयोग प्रदान गरेको छ । हालसम्म ११ वटा भूकम्प प्रभावित जिल्लाहरूमा करिब ७२८,४९६ मानिसहरूमा आपत्कालीन खानेपानी, सरसफाइ र स्वचछताको पहुँच पुऱ्याइएको छ । त्यसैगरी काठमाडौं उपत्यकामा बेला बेलामा फैलिने हैजा एवंम पानीजन्य रोगहरू विरुद्धको अभियानमा पनि एन्फोले प्राविधिक सहयोग तथा स्वयं सेवक परिचालन गर्ने काम गर्दै आएको छ

## समुदायका आवाजहरु

वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) ले आफ्नो गौरवमय २५ वर्षे यात्रा तय गर्ने क्रममा विभिन्न समुदायहरूमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी चेतनामूलक कार्यक्रम लगायत क्षमता अभिवृद्धिका कार्यक्रमहरू र पुर्वाधार निर्माणका कार्यहरू पनि सम्पन्न गरिसकेको छ । ती कार्यक्रमहरूले स्थानीय समुदायहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याएको भावाव्यक्ति विभिन्न कार्यक्रममा अभिव्यक्त हुँदै आएको र सो कुरा ती समुदायको स्थलगत भ्रमणबाट पनि महसुस गर्न सकिन्छ । ती र त्यस्तै अभिव्यक्तिहरू समेटेर तयार पारिएको समुदायका आवाजहरू यहाँहरू समक्ष प्रस्तुत गरिएको छ ।

### *१. खुत्रुकेको पैसाले चर्पी बन्यो (गुलेरिया)*

*संकलक : रामकली थारू*



केटाकेटीले दुई चार रूपैयाँ गर्दै खुत्रुकेमा जम्मा गरेको पैसा केमा खर्च गर्लान् ? धेरैको जवाफ हुनसक्छ : मेला घुम्न जान, खेलौना किन्न, मिठाइ किनेर खान आदि । तर उक्त पैसाले घरको चर्पी बनाएको कुरा सुन्दा जो कोहीलाई पनि अनौठो लाग्न सक्छ । हो, यस्तै भएको छ गुलरिया नगरपालिकाको एक रामनगर गाउँमा । गाउँका ८७ घरधुरीहरूमध्ये कुनै पनि घरमा चर्पी थिएन । ४५ वर्षीय रामनरेश यादव आफ्नो ६ जनाको परिवारसँग सोही गाउँमा बस्दछन् । गाउँका सबैले खुल्ला ठाउँमा दिसापिसाब गर्ने, बाटो छेउछाउ चौपाया बाँध्ने, घरको फोहरमैला जथाभावी बाटोमा फाल्ने गर्दथे जसका कारण टाइफाइड, झाडापखाला जस्ता रोगहरू लाग्नु सामान्य थियो त्यो गाउँमा ।

देशको अन्य जिल्लालाई जस्तै जब यस जिल्लालाई खुल्ला दिसा मुक्त घोषणा गर्ने रणनीति बन्यो, साथै गुलरिया नगरपालिका तथा सफा र स्वस्थ गुलरिया परियोजनाको सहकार्यमा चर्पी निर्माणको जनचेतनामूलक कार्यक्रमहरू संचालन भएपछि रामनरेशको परिवारले पनि चर्पीको फाइदाबारे बुझ्न थाले र घरमा चर्पी त चाहिन्छ भन्ने लाग्यो । तर आर्थिक अभावको कारण चर्पी बनाउन नसक्दा परिवारलाई निकै चिन्तित बनायो । कतैबाट पैसाको बन्दोबस्त नभएपछि रामनरेशका दुई साना छोराहरूले खुत्रुकेमा जम्मा गरेको पैसा खर्च गर्ने निधो गरे र खुत्रुके फोडे । केटाकेटीले खुत्रुकेमा जम्मा गरेको पैसाले चर्पी निर्माणको लागि चाहिने सामाग्रीहरू किन्न पुग्ने भयो र घरमा पक्की चर्पी बन्यो । रामनरेश यादव भन्छन् "छोराहरूले बचत गरेको रकमबाट घरमा चर्पी बनाउन पाएँ । धन्यवाद छ छोराहरू र उनीहरूको खुत्रुकेलाई" । मुसुक्क हाँस्दै छोराहरू पनि हो मा हो मिलाउँदै भन्दै थिए "खुत्रुके फुटाउनु परेकोमा कुनै अफसोच छैन ।"

### २. पानी पट्टी लगाउने चीज होइन रहेछ (सिन्धुली)

*संकलक : मदन कुमार पाण्डे*



सिन्धुली कपिलाकोट गाविस, कार्तिके गाउँकी लिलामाया सिजली, २८ वर्षीयालाई बैशाख १२ को विनाशकारी भूकम्पपछि विभिन्न संघ संस्थाहरूले वितरण गरेको स्वच्छता सामाग्री किटमा भएको बजारिया सेनिटरी प्याड पाउँदा अलमलमा परिन् । के चिज र केको लागि भनी नबुझेसम्म जे दिए पनि के महत्व ? छरछिमेकलाई सोध्दा कसैले कपडा होला भने त कसैकसैले पानी पट्टी दिने कपडा होला भने । यसबाट उनी झन् अलमलमा परिन् । गाउँका सबैले उक्त सामाग्री पाएको भएतापनि उपयोग गर्न नजान्दा उक्त वस्तु थन्किंदै आएको थियो । यद्यपी कसै-कसैले भने आफ्नै हिसाबले प्रयोग गरिरहेका थिए । लिलामायाको अन्योलको गाँठो तब फुक्यो जब उनी एन्फोद्वारा संचालित महिनावारी स्वास्थ्य सम्बन्धी अभिमुखिकरण तालिममा सहभागी भइन् । जब तालिममा सेनिटरी प्याडको बारेमा छलफल भयो तब पो उक्त कपडा जस्तो वस्तु के हो भन्ने थाहा पाए । उनी भन्छिन् "सेनिटरी प्याड प्रतिको आफ्नो र छिमेकीको बुझाइ सम्झेर अहिले आफैप्रति हाँसो लाग्छ ।"

यो त बिना जानकारी वितरित सामाग्रीको सहि उपयोग हुन सक्दैन भन्ने कुराको प्रतिनिधि घटना मात्र हो । लिलामाया थप्छिन् "दिँदा खेरि नै पूरा जानकारी दिएको भए त यसको सही उपयोग हुन्थ्यो नि, आखिर विस्थापित भएर बस्नु परेको बेला कति चाहिएको थियो यस्ता सामाग्रीहरू ।" हाल एन्फोको सामाजिक परिचालकहरूलाई मद्दत गर्दै आफ्नो समुदायमा स्वास्थ्य र सरसफाइ सम्बन्धी प्रचारप्रसार गर्न थालेकी उनी थप्छिन् "अब त बजारिया प्याड पनि प्रयोग गर्न जानेको छु । कपडा पनि म प्रयोगपछि धोइकन राम्ररी घाममा सुकाएर पुनः प्रयोग गर्छु ।"

### ३. पहिले फिल्टर अनि मात्र खाना (गुलेरिया)

*संकलक : आश कुमार खाईतु*

"पहिले घरमा फिल्टर ल्याउनुहोस्, अनि मात्र खाना खान्छु ।" यो भनाइ कक्षा २ मा पढ्दै गरेको ७ वर्षे शिबु कामीको हो । बर्दिया जिल्लाको गुलरिया नगरपालिका-११, सुरजपुरका शिबुले टोलमा आफ्नो साथीको घरमा फिल्टर देखेपछि आफ्नो घरमा आमाबुबासँग ढिपी गरेर कन्चन फिल्टर जडान गरेका छन् । स्वस्थ परियोजना लागु भएपछि आर्सेनिकबाट हुनसक्ने नकारात्मक असर सम्बन्धी जानकारी दिन संचालित विभिन्न चेतनामूलक क्रियाकलापहरू पछि गाउँका धेरै मानिसहरूले धमाधम फिल्टर किनेर प्रयोग गर्न थाले । तर शिबुको घरमा फिल्टर ल्याउने पहल उनको बुबा कृष्ण कामीले गरेनन् । त्यसो त आर्सेनिकको असरबाट हुनसक्ने



क्यान्सरसम्मको डरलाग्दो फोटोहरू हेरेपछि कृष्णलाई पनि डर त लागेको थियो । तर पैसाको मायाले उनले फिल्टर प्रयोग गर्ने सोच बनाएनन् । धेरैले सम्झाउँदा पनि वास्ता नगरेका उनले छोराले खानै नखाएपछि भने फिल्टर ल्याउन बाध्य भए । "सबैले यहाँको पानीमा आर्सेनिक छ, फिल्टर नगरी नपिउनु भन्थे" शिबुका बुबा भन्छन् । "तैपनि दिनहुं काममा दौडनु पर्ने हामीलाई त्यस विषयमा ध्यान दिन कहाँ फुर्सद ?" आफ्नो विगतको सोचाइ पोख्छन् कृष्ण । "तर अरूले फिल्टरबाट छानेर पानी खान थालेको देखेर आफ्नो घरमा पनि फिल्टर नल्याएसम्म खाना नै खाँदिन भनी छोराले ढिपी कस्न थाल्यो । एकदिन त फिल्टर नल्याएको भन्दै छोरो भोकै सुत्यो । यसरी छोराले मरिहत्ते गरेपछि फिल्टर ल्याएँ तर मैले राम्रै गरें जस्तो लाग्छ अचेल" भन्दै कृष्ण हाँस्छन् । "जेहोस् छोराले गर्दा अहिले सुरक्षित पानी पिउन पाइएको छ ।" छोरोप्रति गर्व गर्छन् उनी । यो घटनासँगै फिल्टर लिनेको संख्या बढ्दै गयो र केहि समयपछि सिंगो बस्ती "सुरक्षित खानेपानी समुदायको" रूपमा समेत घोषणा भयो । यसरी शिबुको ढिपीले उनको घरमा मात्रै फिल्टर जडान भएन बरू सम्पूर्ण गाउँ नै सरुक्षित खानेपानी समदुायमा परिणत भयो ।

### *४. आत्म सम्मानका लागि चर्पी (सुर्खेत)*

*संकलक : खिम प्रसाद शर्मा*



"जब समुदायको अगाडि मेरो नाम चर्पी बनाउन नसक्ने घरधुरीको सूचीमा राखेर मलाई बोलाइयो, मलाई एकदमै लाज लाग्यो, मेरो आत्म-सम्मानमा चोट पुग्यो ।" गहभरी आँसु राखेर बोलेको यो वाक्य सुन्दा जो कोहीको पनि मन अमिलो हुनसक्छ । यो दुखेसो हो तोरीबारी ९, सुर्खेतका लक्ष्मी बि.क.को ।

लक्ष्मी आफ्नो श्रीमान् तडक बहादुर र दुई छोरासँग तोरीबारी सानो गाउँमा बस्दै आएका छन् । खेतको उत्पादनले ५ महिनालाई मात्र खान पुग्ने भएकोले बाँकी महिनाको लागि जोहो गर्न उनको श्रीमान् र छोराहरू वैदेशिक रोजगारका लागि भारत जाने गर्दछन् । गाउँमा आएका विभिन्न

विकास तथा चेतनामूलक कार्यक्रममा उनको खासै चासो थिएन र सबैको घरमा चर्पी बनाउने अभियानमा पनि उनी कहिल्यै सहभागी भइनन् । गाउँ विकास सरसफाइ समन्वय समितिद्वारा गरिएको सर्वेक्षणमा समदुायका ११ घरधुरीमा चर्पी नभएको पाइयो । त्यसपछि समितिले ती घरधुरीहरूलाई छलफलका लागि गा.वि.स. बोलाउँदा छलफलमा कुनै घरधुरीले प्रतिक्रिया जनाएनन् तर उक्त भेलाबाट फर्केर गएको केहि दिनमै लक्ष्मीले चर्पी निर्माण गरिन् । "सबैको सामु लज्जित हुनु परेपछि मैले सर–सापटी लिएर भए पनि चर्पी बनाउने अठोट गररे एक हप्तामा चर्पी निमार्ण पनि गरें ।" लक्ष्मीले गर्वका साथ भनिन् ।

### *५. मनोज चौधरी : एक सफल बायोस्याण्ड फिल्टर उद्यमी (कैलाली)*

*संकलक : रामेश्वर अधिकारी*



"शुरूदेखि म बायोस्याण्ड फिल्टर उद्योगमा सधैं उत्सुक थिएँ र आज एक सफल उद्यमीहरूको गिन्ति भित्र पर्दा निकै खुसी छु ।" यो भनाइ हो कैलाली जिल्लाका बायोस्याण्ड फिल्टर उद्यमी मनोज चौधरीको । हाल उनी एक उदाहरणीय उद्यमी बन्दै स्थानीय बासिन्दालाई बायोस्याण्ड फिल्टर मार्फत् सुरक्षित पानी दिलाउन सक्रिय रूपमा लागि परेका छन् ।

यो सफलता उनले सजिलै हासिल गरेका भने होइनन् । बायोस्याण्ड फिल्टर निर्माण सम्बन्धी तालिम पश्चात् प्रभावित भएका मनोज निकै जोस र जाँगरका साथ बायोस्याण्ड फिल्टर निर्माणमा लागे । तर फलामको किला, बालुवा, गिट्टीले पनि पानी छान्छ र? भन्दै फिल्टर किन्न कसैले मानेनन् । उल्टै "यो फिल्टरको पानी भन्दा त हामीले खाने गरेको ट्युबवेलको पानी नै सफा छ" भन्ने गर्थे । त्यसपछि स्थानीयलाई बुझाउन एन्फोको परामर्शमा विद्यालयको शिक्षक तथा विद्यार्थीहरूलाई चेतनामूलक कार्यक्रम संचालन गरे । फलस्वरूप प्रदूषित पानीबाट पनि मानिसहरूलाई रोग लाग्दछ भन्ने कुरा विस्तारै बुझ्दै गए । फिल्टर प्रयोगकर्ताको सकारात्मक अनुभवले पनि अन्य गाउँलेलाई फिल्टरप्रति विश्वास बढाउन थप मद्दत पुग्यो । यसबारे चर्चा परिचर्चा चल्न थाल्यो र बायोस्याण्ड फिल्टर किन्नेको संख्या बढ्न थाल्यो ।

हालको अवस्था दर्शाउँदै मनोज चौधरी भन्छन् "बायोस्याण्ड फिल्टरको प्रयोगबाट मानिसहरू धेरै खुसी छन् किनभने बायोस्याण्ड फिल्टरको उपयोगपछि पानीजन्य रोगमा कमी आएको छ । अहिले मानिसहरू सुरक्षित खानेपानी प्रयोग प्रति सचेत भएका छन् ।" पानीमा हुने आइरन, आर्सेनिक तथा जैविक प्रदूषणबारे धेरै मानिसहरू सचेत भइसकेका छन् ,जसको कारण सबैजना बायोस्याण्ड फिल्टरको पानी पिउने गर्छन् र अहिले मनोज चौधरीले यस उद्यमबाट परिवार पाल्न पुग्ने आयआर्जन गरिरहेका छन् ।

### ६. पूर्ण सरसफाइ अभियानबाट खुशी अमृता (बर्दिया)

*संकलक : टीकाराम परियार*



सफा र स्वस्थ गुलरिया परियोजना लागु भएपछि बर्दियाको गुलरिया नगरपालिका वडा नं. ११ सुरजपुर गाउँको कालिका टोलमा "हामी सबैको एउटै रहर, पूर्ण सरसफाइ युक्त हाम्रो घर" लेखिएको स्टिकर टाँस्ने कार्य गर्दा अमृता योगीको घर उत्कृष्ठ ठहरियो । अमृता भन्छिन् "वातावरण र जनस्वास्थ्य संस्था (एन्फो) ले यस समुदायमा करिब ४/५ वर्षअघि स्वस्थ परियोजना मार्फत् चलाएको विभिन्न चेतनामूलक क्रियाकलापहरूबाट हामीले 'हाम्रो स्वास्थ्य हाम्रै हातमा' भन्ने कुरा बुझेका थियौं ।" पूर्ण सरसफाइका यी सबै पक्षहरूलाई ध्यान दिंदा आफूलाई निकै फाइदा भएको बताउँदै अगाडि भन्छिन् "जुठेल्नोको प्रयोगले भाँडा माझ्न सजिलो भएको छ । कुहिने फोहरलाई मल बनाई नकुहिने फोहरलाई प्लास्टिकको बोरामा राखी फोहर व्यवस्थापन गरेका छौं, सबै घरधुरीले चर्पीको प्रयोग गर्दा वरिपरिको वातावरण सफा हुनुका साथै आफू र आफ्नो समुदायको इज्जत र शोभा समेत बढेको छ ।" आफ्नो घर पूर्ण सरसफाइयुक्त घर ठहरिएकोमा खुशी हुँदै सरसफाइ आफूले एक्लैले गरेर मात्र नहुने भएकाले समुदायमा पनि सिकाउँदै हिंडेको बताउँछिन् ।

### ७. डोरीको सहायताले चर्पी जान्छन् दृष्टिविहिन भकारी चौधरी (कैलाली)

*संकलक : सृजना कार्की*

कैलाली जिल्ला, टीकापुर नगरपालिका वडा नं. ४ बाघमारा बस्ने ६८ वर्षीया भकारी चौधरी दृष्टिविहिन हुन् । करिब २०/२२ वर्ष अघि दुबै आँखाका ज्योति गुमाएका भकारी चौधरी आफ्नो नातिसँग बस्दै आएकी छिन् । दृष्टिविहिन भएपछि भोग्नुपर्ने धेरै समस्या मध्ये घरमा चर्पी नहुँदा दिसा गर्न एक्लै टाढा जानु पर्दा निकै कठिनाइ हुन्थ्यो । जग्गाको नाममा आधा कट्ठा मात्र भएको र आर्थिक अवस्था पनि नाजुक भएकोले चर्पी बनाउन सकिएको थिएन । तर नगरपालिकाले चर्पी निर्माण गर्नेलाई प्यान सीट र नल्काको फर्स दिने भएपछि चर्पी बनाउन अलि सजिलो भएको बताउँछन् भकारीको परिवार । चर्पी त बन्यो तर चर्पी घडेरीको पल्लो कुनामा बनाएकोले दृष्टिविहीन भकारीलाई चर्पीसम्म जान आउन फेरि समस्या रह्यो । त्यसको समाधान खोज्ने क्रममा घर परिवारबिच एउटा उपाय फुर्‍यो । उपाय थियो घरदेखि चर्पीको ढोकासम्म डोरी टाँग्ने जसको सहायताले भकारी एक्लै चर्पीसम्म जान सकोस् । नभन्दै उक्त डोरी भकारीको लागि वरदान सिद्ध भयो । अचेल उहि डोरीको सहारामा दृष्टिविहीन भकारी एक्लै चर्पी जाने र आउने गर्छिन् । यसरी आफू एक्लै चर्पी जान आउन सक्ने भएपछि भकारीको हर्षको कुनै सिमा रहेन ।

### ८. चर्पी र गोबरग्यासले ल्यायो पशुपति टोलमा परिवर्तन (कैलाली)

*संकलक : पूर्ण वि.क., टीकापुर*

टीकापुर नगरपालिका वडा नं. ६ पशुपति टोल बस्ने २२ वर्षीया खिमा वि.क. को परिवार मा १२ जना सदस्य छन् । वनजंगलको कमीले पर्याप्त दाउरा नपाइने हुँदा खाना बनाउनको लागि वैकल्पिक इन्धनको रूपमा गुईंठाको प्रयोग हुन्थ्यो पशुपति टोलमा । अर्कोतिर चर्पी नभएको कारण दिसा गर्न नदी तरेर टाढासम्म जानुपर्थ्यो । खिमाको घरको अवस्था पनि त्यस्तै थियो । "दाउरामा मात्रै लगभग वार्षिक सात हजार खर्च हुने गर्थ्यो ।" खिमा बताउँछिन् "त्यसमाथि दाउरा र गुईंठा प्रयोग गर्दा चिसो भएमा नबल्ने, धुँवा बढी आउने हुँदा आँखा र श्वासप्रश्वास सम्बन्धी समस्या हुने गर्थ्यो ।"

एक पटक दशैंको समयमा श्रीमान्का साथीहरू घर फर्कन ढिलो भएपछि उनकै घरमा बास बसेको र चर्पी नभएको कारण शौच गर्न लोटामा पानी बोकाएर नदी पारी पठाउनु पर्दा निकै लाजमर्दो भएको सम्झिन्छिन् खिमा बिक । "स्वस्थ परियोजना लागु भएपछि सरसफाइको महत्व बुझ्न थालियो र केहि सहयोग पनि मिल्ने भएपछि थप रकम कृषि विकास बैंकबाट ऋण लिएर गोबरग्यास जडित चर्पी बनाएँ । गोबरग्यासमा खाना बनाउन दाउरामा भन्दा छिटो र सजिलो छ । अहिले त रू. २५००/- को दाउराले भैंसीको दाना बनाउनसम्म पुग्छ" खिमा सुनाउँछिन् । उनकी सासुले थपिन् "पहिले बाहिर दिसा गर्दा लाज लाग्थ्यो तर अहिले त्यो अवस्था छैन । अब त मर्दा पनि गति पर्ने भयो ।" खिमा त उक्त गाउँकी एक प्रतिनिधि पात्र मात्र हुन् । अहिले पशुपति टोलमा सबैको घरमा चर्पी छ र धेरैले गोबरग्यास जडित चर्पी नै बनाएका छन् । यसरी पशुपति गाउँको सरसफाइमा राम्रै सुधार भएको छ ।

### ९. चर्पी नहुँदाको पीडा अझै सम्झिन्छिन् लक्ष्मी (ललितपुर)

*संकलक : राजेन्द्र श्रेष्ठ*



लक्ष्मी एउटी बुहारी मात्रै होइन, सक्रिय सामाजिक कार्यकर्ता पनि हुन् । सिद्धिपुर एकिकृत खानेपानी तथा सरसफाइ कार्यक्रम अन्तर्गत सरसफाइ र फोहरमैला सम्बन्धी जनचेतना जगाउने र घरघरमा चर्पी निर्माण गर्न उत्प्रेरणा दिंदै हिड्ने उनको घरमा पनि कुनै बेला शौचालय थिएन । चर्पी नहुँदा भोग्नु परेका समस्याबारे बताइरहेकी लक्ष्मी अनायाशै बोल्छिन् 'छ्या....... त्यतिबेलाको पीडा त सम्झनै मन लाग्दैन । एकदिन दिसा बस्न खुल्ला ठाउँमा जाँदा फोहरमा चिप्लेर लड्दा खुट्टै मर्किएको थियो' । समस्याको यस्ता अनुभवहरू लक्ष्मीसँग धेरै छन् । उनी भर्खरकी हुँदा चर्पीको आवश्यकता झनै खट्किएको बताउँछिन् । उमेरको त्यो अवस्थामा भोग्नु परेका कैयौं अप्ठ्याराहरूको सामना गर्दै खुल्ला चर्पी

जान उनी वाध्य थिइन् किनभने त्यतिखेर उनको घरमा चर्पी थिएन । लक्ष्मी सम्झिन्छिन् 'त्यतिबेला दिसा धुने पानीको मग हातमा बोकेर दिसा बस्न घरबाट निस्कँदा अत्यन्तै लाजलाग्दो र अप्ठ्यारो महशुस हुन्थ्यो । अझ त्यसमाथि पखाला लागेको समयमा थपिने पीडा त बेग्लै थियो।' उनी थप्छिन् 'पखालाले गलेर थाकेको बेला पटकपटक टाढासम्म जानुपर्ने, दिउँसोको उज्यालोमा अरूले देख्ला भनेर झाडी र छेकिने पर्खाल खोज्दै हिंड्नुपर्ने समस्या त भनिसक्नु छैन ।'

त्यसो त चर्पी बनाउन उनले पहल नगरेको पनि होइन । तर उनको श्रीमान्ले चर्पी बनाउन कहिल्यै चासो दिएनन् । एक दिन मोटरसाइकल दुर्घटनामा उनको श्रीमान्को खुट्टा भाँचियो र खुल्ला स्थानमा गएर दिसापिसाब गर्न नसक्ने भयो । त्यसपछि लक्ष्मीले आफ्नो श्रीमान्लाई केहि दिनको लागि चर्पी प्रयोग गर्न दिन छिमेकीसँग गुहारिन् । त्यस घटना पछि बल्ल आँखा खुलेको श्रीमान्ले अनि चर्पी बनाए । त्यसपछि लक्ष्मीले विगतको समस्याबाट त मुक्ति पाइन् साथै घरका अन्य सदस्यले पनि चर्पीको महत्व र फाइदाबारे बुझ्न थालेका छन् ।

### १०. *भाइको लागि सुधारिएको चुलो निर्माण (भक्तपुर)*

*संकलक : सृजना शाक्य*



"सानोमा सधैं आमाले आँखा मिच्दै चुलोमा खाना पकाएको देख्दा आमा किन रूनु भएको होला जस्तो लाग्दथ्यो" भक्तपुरको झौखेल गा.वि.स. कासुला टोलका प्रदिप कासुला बताउँछन् । तर ठूलो भइसकेपछि जब आफै चुलोमा खाना पकाउन थाले तब मात्र आमा रूनुको कारण उनलाई थाहा भयो । घरमा प्राय भाइ प्रबिन र आफूले खाना पकाउने गरेको बताउने प्रदिप एक दिन अचानक भाइ प्रबिनलाई पेट दुखेपछि भक्तपुर अस्पतालमा भर्ना गराउनु पर्‍यो । खकारदेखि रगतसम्म परीक्षण गर्दा पनि रोग पत्ता लगाउन सकेनन् । एक्सरे गरेपछि छातीमा पानी जमेर टि.बी. भएको पत्ता लाग्यो र औषधी सेवन गर्न थाले । तर पेटको दुखाइ झन् बल्झियो र अन्तमा इण्डोस्कोपी गरेपछि भाइलाई अल्सर भएको थाहा भयो । "जाँड, चुरोट र रक्सी केही नखाने भाइलाई कसरी अल्सर भयो ?" भन्ने प्रदिपको प्रश्नमा डाक्टरले अल्सर धूवाँको कारणले पनि हुनसक्ने बताएपछि तत्कालै प्रदीपले घरमा सुधारिएको चुलो बनाए । एन्फोद्वारा संचालित झौखेल खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रममा वास स्वयं सेवकको रूपमा सक्रिय प्रदिप खुशी व्यक्त गर्दै भन्छन् "अब त घरमा भात पकाउँदा आँखाबाट आँसु पनि झर्दैन ।"

### ११. *महिनावारी र सरसफाइ चिन्ताको विषय रहेन (भक्तपुर)*

*संकलक : सबुना गमाल*



गत २०७२ साल बैशाख १२ गतेको भूकम्पले भक्तपुर नगरपालिका, सूर्यमढी बस्ने २२ वर्षीया प्रेरणा प्रजापतिको घर पनि पूर्णतः ध्वस्त बनायो । त्यसपछि उनी आफ्ना अभिभावकसँग नजिकैको ब्रह्मायणी शिविरमा बसिन् । भूकम्प अघि घरको सुख-सुविधामा हुर्केकी प्रेरणाले शिविरमा बस्नु पर्दा विभिन्न समस्या र हरेक महिना महिनावारीको समयमा थप मानसिक तनाव हुने गरेको बताउँछिन । शिविरमा बस्दा महिनावारीको समयमा प्याड फाल्ने समस्या र भूकम्प पछि केही समयसम्म राम्रोसित नुहाउन नपाएको बताउने प्रेरणाले भनिन् "एन्फोले हाम्रो शिविरमा पनि कार्यक्रम गर्ने भएपछि म सबैभन्दा बढी खुसी भएँ ।"

नभन्दै शिविरमा चर्पी लगायत खानेपानीको लागि पानी टयांकी, नुहाउनको लागि बाथरूम र सेनिटरी प्याड इन्सिनेरेटर बनाइदिएकोले आफू लगायत शिविरमा बस्ने सबैलाई विशेषगरी महिलालाई धेरै सजिलो भएको अनुभव सुनाउँछिन् । "महिनावारीको बेलामा हुने समस्याबाट बल्ल ढुक्क भएँ - अब महिनावारी र सरसफाइ चिन्ताको विषय रहेन" प्रेरणा प्रजापति सबैलाई सुनाउँछिन् ।

### १२. *मेरो सपना पूरा गर्ने एउटा अर्को कदम (भक्तपुर)*

*संकलक : अमिता भट्टराई*

एन्फोबाट तालिम लिई आफ्नो समुदायमा स्वयंसेविकाको रूपमा सक्रिय हुँदै आएकी २१ वर्षीया सुनिना तामाङ्ग नगरकोट-१३ गड्गडेमा बस्छिन् । श्री कृष्ण उच्च मा. वि मा स्नातक तहमा अध्ययनरत निकै जिज्ञासु स्वभावकी उनी गत बैशाख १२ को भूकम्प पछाडि एन्फोद्वारा संचालित सेनिटरी प्याड बनाउने तालिममा पनि सहभागी भइन् । उनले निकै चाख लिइन र धेरै पटक अभ्यास गरेपछि उक्त कार्यमा पोख्त भइन् । त्यसपछि उनले आफूले हासिल गरेको सीप आफूमा मात्र सिमित राखिनन्, बरू आफ्ना साथीहरूलाई उक्त प्याड बनाउन सिकाइन् । आजभोलि महिनावारी भएको बेलामा उनी आफैले तयार पारेको सेनिटरी प्याडको प्रयोग गर्छिन् र आफ्ना साथीहरूलाई पनि आफूले बनाएको प्याड दिने गर्छिन् । उपयोगी ज्ञान र सीप सिक्न पाएकोमा खुसी हुँदै भन्छिन् "समुदायको लागि केहि योगदान दिने



मेरो बच्चैदेखिको सपना हो र त्यसैको लागि समुदाय विकासको काममा पहिलादेखि संलग्न पनि छु । सेनिटरी प्याड बनाउने तालिमले मेरो सपना पूरा गर्न अझ बढी सहयोग गरेको छ । समुदायलाई सहयोग पुऱ्याउने मेरो कामप्रति म आफलाई गर्व लागेको छ र यो मौका दिएकोमा सहयोगी सस्था एन्फोप्रति आभार व्यक्त गर्न चाहन्छु ।"

### १३. *अन्ततः स्वच्छ व्यवहार (रसुवा)*

*संकलक : मोहन कुमार भाम*



"मैले पिउने कोसिस गरेको थिएँ तर यसमा नमिठो गन्ध आउँछ" यो जवाफ चिलिमे गा.वि.स. १ थोम्बोजित बस्ने ४३ वर्षीया छोमु तामाङ्गको हो । २०७२ को भूकम्प लगत्तै खानेपानी र सरसफाइ सम्बन्धी कार्यक्रम लिएर रसुवा पुगेका सबैलाई यो भनाइले सबैजनालाई सोच्न बाध्य बनायो किनकी विपद्को त्यो बेला सुरक्षित खानेपानीको लागि पीयूष वा अक्वाट्याब प्रयोग गर्नु बाहेक अरू विकल्प थिएन तर गाउँलेहरू गन्धको कारण त्यसको प्रयोग गर्न मानिरहेको थिएनन् । तर पीयूष एवं अक्वाट्याबको प्रयोग र यसका फाइदाहरू बुझाउँदै टोलटोलमा व्यापक अभिमुखीकरण कायर्क्रमहरू संचालन भएपछि गाउँलेको बानी र बोलीमा परिवतर्न आयो । अचेल गाउँले आफै सोध्छन् "तपाईहरूले यो औषधी (पीयूष/अक्वाट्याब) फेरि कहिले वितरण गर्दै हुनुहुन्छ ? यो औषधी त निकै राम्रो रहेछ ।" नमिठो गन्ध आउँछ भनेको होइन र ? फेरि किन चाहियो भन्ने प्रति प्रश्नको जवाफमा भन्छन् "यो औषधी भएको पानी पिएदेखि मेरा केटाकेटीलाई पेट दुख्ने र पखाला लाग्न बन्द भएको छ ।" तिनले अझै थपिन् "आजकाल यहाँका धेरै मानिसहरूले यो औषधी प्रयोग गरिरहेका छन् ।"

शुरू-शुरूमा उक्त गाउँका मानिसहरू पीयूष प्रयोग गर्न मानिरहेका थिएनन्, आजकाल मानिसहरू आफ्ना छरछिमेकीहरूलाई समेत पानीमा औषधी राखेको छ कि छैन भनेर सोध्छन् । अहिले पीयूषको प्रयोग गरी पानी शुद्धिकरण गर्नु संस्कार जस्तै भएको छ जसले समुदायलाई सुरक्षित पानी प्रयोग र स्वचछ आनिबानीको अभ्यासमा प्रेरित गर्दै अगाडि बढाइरहेको छ ।

### १४. *श्रीमतीले बचाइन् लाहुरे वाइवाको इज्जत (सिन्धुली)*

*संकलक : मदन पाण्डे*

कमलामाई - ४ सानो करकरेकी २९ वर्षिया सुनिता वाइवा आफ्ना तीन जना केटाकेटीहरूका साथमा बस्छिन् । अर्थोपार्जनका लागि उनका श्रीमान् गत एक वर्षदेखि विदेशमै छन् । श्रीमान्ले घरमा चर्पी बनाउन नमानेकाले उनको परिवारलाई समस्या परेको भन्दै उनी भन्छिन् "म गर्भवती



भएको बेलामा पनि निकै समस्या भोगें । दिसा गर्न साना साना केटाकेटीलाई घरमा एक्लै छोडेर जंगल जानुपर्ने हुँदा कति पटक त नगइकन खपेरै बसें ।" अगाडि थप्छिन् "त्यतिमात्र कहाँ हो र, केटाकेटीले घर वरपर दिसापिसाब गरेर फोहर गर्दा पाहुनाहरू आउँदा निकै अप्ठ्यारो हुन्थ्यो । झन् पाहुनाले चर्पी जानुपर्‍यो भन्यो भने त हुनुसम्मको समस्या हुन्थ्यो ।" श्रीमान् विदेशमा गएपछि चर्पी बनाउने विचार गरेतापनि आम्दानी जति ऋण तिर्दै सकिने हुँदा पैसा आभाव कै कारण बनाउन नसकिएको बताउने उनले २०७२ को भूकम्पपछि पाएको राहत सहयोगले पक्की चर्पी पनि निर्माण गरिन् । उनी भन्छिन् "घरमा चर्पी हुँदा अहिले म निकै खुसी र इज्जतदार महसुस गरिरहेको छु ।" उनी हाँस्दै भन्छिन् "मैले लाहुरे वाइवाको इज्जत जोगाएँ ।"

### *१५. बासको चिन्ता हट्यो अहिले (ललितपुर)*

*संकलक : रक्की तुल्सीबाख्य*



५० वर्षिया सुशिला पुर्कुटीको उनी १० वर्षको उमेर हुँदा लामाटारको गैरीगाउँमा विवाह भएको थियो । उनी आफ्ना छोरा, बुहारी र तीन नाति नातिनाहरू सँग बस्दै आएकी छिन् । श्रीमान्सँगै जुत्ता सिलाउने व्यवसाय गर्दै आएकी उनी श्रीमान्को मृत्युपछि दैनिक ज्याला मजदुरीको काम गर्छिन् ।

भर्खरै गएको विनाशकारी भुकम्पले सुशिला पुर्कुटीको ६ जनाको परिवारलाई घरबारविहीन बनायो । पुर्कुटीको परिवार १५-२० दिनदेखि नजिकै रहेको गोलभेडा रोप्न बनाइएको टनेलमा बस्दै आएका थिए । उनी ती पलहरू सम्झिन्छिन् र भावुक हुँदै चिन्ता व्यक्त गर्छिन् "मेरा यी नाबालक नानीहरूको लागि बासको व्यवस्था गर्न पाए हुन्थ्यो । मेरो दैनिक ज्यालादारी मजदुरीले मात्र बासको व्यवस्था कसरी गर्ने साह्रै चिन्ता लाग्छ ।" सरकारले उपलब्ध गराएको रू. १५ हजार र संस्थाले दिएको पालको सहयोगमा उनीहरू अस्थायी टहरामा बसिरहेका थिए । "सरसफाइमा पनि ध्यान दिन सकिएको छैन, चर्पी पनि भत्केको छ ।" उनी भन्छिन् "दिसा गर्न बाहिर जानलाग्दा जहिले पनि नाति रून्थ्यो । तर अहिले अक्सफाम र एन्फोको सहयोगमा सानो तर सुरक्षित बासको निर्माण गरिदिनु भएको छ । यसमा म अत्यन्त खुशी छु । अहिले बासको चिन्ता गर्नुपरेको छैन । मलाई आत्मबल मिलेको छ कि म मेरो ४ आना जग्गामा परिश्रम गरेर स्थायी घर बनाउन सक्छु ।"

## १६. *विपद्‌मा परेकालाई युवाको सहयोग (भक्तपुर)*

*संकलक : अंकिता भट्टराई*



सुडाल ५ भक्तपुरमा बस्ने चन्द्रकला तिमिल्सिना बागेश्वरी उच्च मा.वि. क्याम्पसमा अध्यनरत विद्यार्थी हुन् । गत २०७२ बैशाख १२ को भूकम्पपछि एन्फोमा स्वयंसेवकका रूपमा कार्यरत उनीले हाइजिन किट वितरण, खानेपानी र सरसफाइ जनचेतना कार्यक्रम, पुनर्वास र विपद्‌बारे जनचेतना कार्यक्रममा सहयोग गर्दै आएकी छिन् । सामुदायिक विपद् व्यवस्थापन समिति गठन कार्यमा पनि उनी सक्रिय छिन्, कार्यदलका सदस्यको रूपमा । एन्फोसँग आवद्ध भए पश्चात् उनले संस्थाको कार्यविधि र उद्देश्यबारे धेरै सिके । यसका साथै उनको व्यक्तित्व विकास भएको र सामुदायिक विपद् व्यवस्थापन, खानेपानी सरसफाइ, विपद् जोखिम न्यूनीकरणबारे पनि उनको ज्ञान वृद्धि भएको छ जसले गर्दा समुदायमा चर्पी प्रयोग, हात धुने जस्ता बानीमा परिवर्तन ल्याउने क्रियाकलाप संचालन गर्नमा सहयोग पुगेको छ । नयाँ पुस्ताले राष्ट्र निर्माण गर्नमा प्रमुख भूमिका निर्वाह गर्न सक्छ भन्ने कुरामा उनी विश्वस्त छिन् । आफ्नो समुदायको विकास हुने कुनै पनि राम्रो काममा आफू पूर्ण रूपले सहभागी हुन तयार छिन् ।

## १७. *कान्छीको आशा (ललितपुर)*

*संकलक : कुमुद शर्मा*



छोरीलाई किन पढाउने भन्ने सोच भएको न्यून वर्गीय किसान परिवारमा जन्मिएकी कान्छी विश्वकर्मा आफ्नै ढिपीका कारण साक्षर चाँहि भइन् । श्रीमान् लुरेले १३ वर्षअघि आत्माहत्या गरेपछि दैनिक ज्यालादारी काम गरी परिवारको छाक टारिरहेकी कान्छीलाई कति रात भोकै काटेको सम्झना अझै ताजा छ । उनको कष्टकर जीवनलाई बैशाख १२ को भूकम्पले थप कठिन बनायो । भूकम्पले घर भत्कियो र तरकारी लगाउने सुरूङ्ग जस्तो ठाउँमा बस्नु पर्‍यो । गाँस र बासको निकै समस्या झेल्नु पर्‍यो । भूकम्पपछि सरकारले दिएको राहत रकम उधारो तिर्न र औषधी उपचार गर्दैमा नै सकियो । राहतकै क्रममा कान्छीले सहयोग स्वरूप अस्थायी बासस्थान र सरसफाइका सामाग्रीहरू पाए । अहिले

उनीसँग चर्पी रहेको अस्थायी घर छ तर पनि कान्छीको जीवन कष्टकर नै छ र उनको आर्थिक अवस्था कमजोर रहेकोले भत्किएको घर पुनः निर्माण गर्न असमर्थ छिन् । उनी भन्छिन् "एउटा छानो पाएकोमा खुसी छु, म र मेरो परिवार सुरक्षित छौं । एन्फोले गरेको विभिन्न कार्यक्रममा सहभागी हुँदै आएको छु । खानेपानी, सरसफाइ र स्वच्छताको कुराहरू धेरै सिकें । राम्रो लाग्यो । यो कुराको ज्ञानले भोलिका दिनमा मलाई बाँच्न सहज हुन्छ र स्वस्थ रहन्छु भन्ने लागेको छ ।"

### १८. *कृषिमा पिसाब, समूहमा हिसाब (सुर्खेत)*

*संकलक : सीता कुमारी चौधरी*



विरेन्द्रनगर नगरपालिका–१६, लाटीकोईली पदमपुरका जमुना चौधरी आफ्नो चार जनाको परिवारसँग बस्छिन् । आमा समूहमा आवद्ध उनी समूहमा हुने छलफल र ज्ञानगुणका कुराहरूले नयाँ प्रविधि र तौरतरिकाको बारेमा जानकारी पाउँथिन् । यसै क्रममा गाउँमा मानव मलमुत्रलाई पनि मलको रूपमा प्रयोग गर्न सकिन्छ भन्ने सुन्दा उनलाई कौतुहलता जाग्यो । यसको बारेमा थप जानकारी पाएपछि उनले पनि आफ्नो घरमा मलचर्पी बनाउने निधो गरिन् । "मेरो घर कच्ची भएपनि पक्की मलचर्पी नै बनाउने निधो गरें । किनकी घरमा गाई गोरू नपालेपछि यही मलचर्पीले मलको आवश्यकता परिपूर्ति गर्छ जस्तो लाग्यो ।" त्यसपछि जमुनाले गाउँकै महिला समूहबाट चर्पी बनाउनको लागि ऋण लिइन् । इच्छा पनि भयो, रकम पनि जुट्यो, बाँकी रह्यो त चर्पी बनाउन प्राविधिक सरसल्लाह । त्यसको लागि उनले एन्फो संस्थासँग सहयोग मागिन् र चर्पी निर्माण गरी प्रयोग पनि गर्न थालिन् । अलि–अलि गर्दै पिसाब संकलन हुन थाल्यो । घरको करेसाबारीभरि काउली, साग रोपेर पिसाब मलको प्रयोग गर्न थालिन् । पिसाब मल प्रयोग गर्दा तरकारी पनि हलक्क बढ्दै गयो र हेर्दै खाऊँ–खाऊँ लाग्दो देखियो । उनको उत्पादन घरको भान्छामा मात्र खपत भएन, बजारमा लगेर पनि बेच्न थालियो । पिसाब मल प्रयोग गरेको तरकारी अरूभन्दा राम्रो देखिएकोले बिक्रीमा कुनै समस्या भएन । तरकारी बिक्रीबाट जम्मा भएको पैसाले समूहको ऋण पनि तिरिन् । अहिले त बचत पनि सुरू गरेकी जमुना आजभोलि सबैलाई पिसाब संकलन गरी बालीमा प्रयोग गर्न सल्लाह दिन्छिन् ।

### १९. *पिसाबको कमाल (सुर्खेत)*

*संकलक : शुशिल न्हेम्हाफुकी*

"मर्न लागेका काँक्रोका बोटहरूमा १ भाग पिसाबमा ४ भाग पानी मिलाई बिरूवाको वरिपरि राखिदिएको त बिरूवाले पुनर्जीवन पायो ।" यो भनाई हो दैलेखबाट ६ वर्ष अघि ३ छोराछोरी सहित सुर्खेत झरेका ३४ वर्षीय ज्ञान बहादुर रावतको । हाल लाटीकोईली गा.वि.स.

वडा नं. ७ अलायचौरमा बसोबास गर्दै आएका ज्ञान बहादुर सामाजिक जीवनमा सक्रिय छन् । विगत ३ वर्षदेखि कृषिलाई आफ्नो मुख्य पेशा बनाउँदै आफ्नै देशमा केहि गर्नुपर्छ भन्ने विचारका साथ ४ बिगाहा जमीन भाडामा लिएर जिल्ला कृषि कार्यालयको प्राविधिक सल्लाह तथा सहयोगमा नगदेबाली र बेमौसमी तरकारी बाली लगाउँदै आएका ज्ञान बहादुरलाई वातावरण र जनस्वास्थ्य संस्थाको आयोजनामा संचालन भएको मलचर्पी निर्माण प्राविधिक तालिममा सहभागि हुँदा कृषि बालीमा मानव पिसाब प्रयोग र यसको फाइदाबारे सुन्दा अनौठो तर राम्रो लागेको थियो । त्यसैले तालिमकै क्रममा सुख्खा मलचर्पी निर्माण गरेका रावतले उक्त चर्पी निर्माणका लागि आफ्नै समुदायमा संचालित एउटा सहकारीबाट १६ प्रतिशत व्याजदरमा एक वर्षका लागि ऋण लिएका थिए ।



चर्पीको प्रयोगपछि संकलन भएको पिसाबलाई पानीसँग मिसाई बिरुवाको वरिपरि माटोमा राखी दिँदा उत्पादनमा वृद्धि भएको प्रत्यक्ष महशुस गरेका छन् । रावतका अनुसार अघिल्लो सिजनमा २ क्विन्टल काँक्रो उत्पादन भएको तर हाल पिसाब मलको प्रयोग गरेपछि ५ क्विन्टल उत्पादन भएको छ ।

### २०. *अब पानी भर्न टाढा जानु पर्दैन (मकवानपुर)*

*संकलक : किरण महर्जन*

श्री नवराज विष्ट, थाहा-३ फन्टबजार पालुङको एक सक्रिय सामाजिक अगुवा हुन् । हालै गएको भूकम्पको कारण चुनिथान खानेपानी योजनामा क्षति पुगेपछि पानी अभाव भई स्थानीयहरू समस्यामा थिए । उनीहरू एक गाग्री पानी लिन पनि धेरै टाढा जानुपर्थ्यो । विष्ट भन्छन् "सोधखोज गर्दा एन्फो संस्थाले खानेपानी योजना मर्मतमा सहयोग गर्छ भन्ने थाहा पायौं र उतै लाग्यौं । नभन्दै तत्काल मर्मतको लागि आवश्यक सामाग्री पायौं र खुसी हुँदै फर्कियौं ।" प्राप्त सामाग्री र स्थानीय श्रमदानले खानेपानी आयोजना पूनर्निर्माण भएपछि खानेपानीको समस्या समाधान भएकोमा सबै दंग छन् भने घण्टौं हिडेर पानी भर्न जाने महिलाहरूको त खुशीको सिमा नै रहेन ।



विष्ट भन्छन् "एन्फोको सानो सहयोगले २५ घरधुरीले फेरि घरकै आँगनमा खानेपानी पाएका छौं र यसले हामीलाई धेरै राहत दिएको छ । म र समुदाय यस महत्वपूर्ण सहयोगको लागि आभारी छौं ।"

### *२१. घरको भित्ताभन्दा स्वास्थ्य ठूलो हो (सुर्खेत)*

*संकलक : पूर्णिमा शाक्य*



४६ वर्षिय तिले बादी कल्यान-७ लमनाका बासिन्दा हुन् । जाँडरक्सीको लतमा फसेका उनको घरमा चर्पी थिएन । गाउँलेले धेरै पटक सम्झाउँदा पनि उनले विभिन्न बहानामा चर्पी भने बनाएका थिएनन् । वैदेशिक रोजगारीमा रहेकी उनकी श्रीमतीले चर्पी बनाउनकै लागि पैसा पनि पठाएकी थिइन् । तर सबै पैसा जाँड रक्सी मै सकाएपछि गाउँलेले चर्पीको कुरा निकाल्यो कि पन्छिने गर्थे तिले ।

जब गा.वि.स.ले सबैको घरमा चर्पी बनाउन कडा निर्देशन दियो र नबनाएमा गा.वि.स बाट प्राप्त हुने कुनै पनि सुविधा उपलब्ध नगराउने नीति लागू गर्‍यो तब, उनको लागि बाहानाबाजीको कुनै विकल्प बाँकी रहेन । अन्ततः बाध्य भएर उनले घरमा पक्की चर्पी बनाए । पैसा सबै जाँड रक्सीमा सकिसकेकाले पैसा अभावका कारण आफू बस्दै आएको घरको पछाडीको भागको काठ (फल्याक) निकालेर चर्पी निर्माणमा प्रयोग गरे ।

अहिले उनी घमण्डका साथ भन्छन् "मैले पनि घरमा चर्पी बनाएँ, अब त म पनि गा.वि.स. ले दिने सरसफाइ कार्ड पाउँछु । मेरो बुढी देश फर्किंदा यो कार्ड देखेपछि निकै खुशी हुनेछिन् ।" जब उनलाई काठ निकालिएको घरको भित्ताको बारेमा सोधियो बिना हिच्किचाहट उनले छिटै नै यसको पनि मर्मत गर्ने बताए र उनले जे गरे त्यसमा कुनै पश्चाताप नभएको पनि बताए । उनले थपे "जब मैले घरमा चर्पी बनाएर प्रयोग गरे । तब पो थाहा पाएँ की गा.वि.स. र एन्फो कर्मचारीहरूले चर्पी बनाउन किन यतिको दवाब दिए । मेरो घरको भित्ताभन्दा मेरो स्वास्थ्य ठूलो हो । यसले मलाई पैसा जाँड रक्सीमा खेर नफाली बचत गर्नु पर्छ भनेर पनि सिकाएको छ ।"

### *२२. सफा सुग्घरमा बस्ने बानी परिसक्यो (भक्तपुर)*

*संकलक : रेश्मा श्रेष्ठ र गुणलक्ष्मी मानन्धर*

२० वर्षिया स्मृति सुनुवार, नगरकोट- ११, स्याउली बजारमा ५ जनाको परिवारको साथमा बस्छिन् । शिक्षित नै भएपनि सरसफाइका बारेमा खासै जानकारी थिएन । घरमा आमाले जे गर्थिन्, उनले पनि त्यही गरिन् । बेलाबेलामा उनकी आमा बिरामी पर्थिन् । झाडापखाला लाग्नु त परिवारमा सामान्य जस्तै थियो । विवाह गरी नगरकोट आएपछि एन्फोले आयोजना गरेको खानेपानी र सरसफाइ सम्बन्धी विभिन्न कार्यक्रममा सहभागी हुने मौका पाइन् । उनी गर्भवती

महिलाहरूको लागि आयोजित सरसफाइ सम्बन्धी छलफलमा पनि सहभागी भइन्, जसबाट उनले घरमा गरिने सरसफाइ, व्यक्तिगत सरसफाइ, सुत्केरीको तयारी, स्तन सफाइ, पिसाबको संक्रमण जस्ता महत्वपूर्ण विषयमा जानकारी पाइन् । उनी बताउँछिन् "ती कार्यक्रमहरूमा सहभागी भएदेखि नै मैले घरमा स्वच्छ व्यवहारहरू लागु गर्न थालेकी हुँ ।"



भर्खरै २०७२ मा गएको भूकम्पले उनको घरलाई पनि भत्कायो । तर भूकम्प पश्चात् एन्फोले प्रदान गरेको स्वच्छता किट र अस्थायी टहरा नजिकै बनाएको चर्पीले गर्भवती समयमा उनलाई निकै राहतको महसुस गरायो । टहरामा बास भएपनि सरसफाइमा कुनै कमि छैन । उनी भन्छिन् "के गर्नु सफासुग्घरमा बस्ने बानी बसिसक्यो, जस्तोसुकै अवस्थामा पनि सरसफाइमा ध्यान जान्छ ।" उनले पाएको पानी छान्ने फिल्टर (सानो खालको) को कारण सुरक्षित पानी पिउन पाएकी छिन् । खुसी हुँदै उनी भन्छिन् "यो फिल्टर भएकोले पानी पिउन मलाई सजिलो भएको छ । खेतमा जाँदा होस् या गोठालो जाँदा, सँगै लिएर जान्छु ।"

### *२३. अब त साबुन पानीले हात धुन पनि थालेकी छु (काभ्रे)*

*संकलक : रामचन्द्र कर्माचार्य*

"बल्ल बल्ल ऋण काढेर बनाएको चर्पी पनि प्रयोग गर्न मलाई एन्फोका सरहरूले सिकाउनु पर्‍यो ।" यो भनाई हो देवभूमि वालुवा गा.वि.स - ४, तिनघरे बस्ने ४४ वर्षिया कान्छी दनुवारको । घरमा चर्पी नहुँदा श्रीमान् र छोराछोरीसहित चारै जना परिवार खुल्ला दिसा गर्न बाध्य थिए । एसिया अनलस र एन्फोको सहकार्यमा जब खानेपानी तथा सरसफाइको कार्यक्रम संचालन भयो तब परियोजनाबाट प्राप्त अनुदानले गाँउमा चर्पी बनाउने लहर चल्यो, कान्छी दनुवारको घरमा पनि चर्पी बन्यो । खेती किसानीबाट दुःख गर्दै जीवन बिताइरहेको उनको परिवारले त यसको लागि ऋण नै काढ्नु पर्‍यो ।



चर्पी त बन्यो तर खुल्ला दिसा गर्ने क्रम निरन्तर चलिरह्यो, दैनिक जीवनयापनमा खासै परिवर्तन भएन । एक दिन जब अनुगमनको क्रममा चर्पीको प्रयोग नगरी सामाग्री भण्डारण गरेको अवस्थामा भेटियो तब उनीहरूलाई लामो समयसम्म खानेपानी र सरसफाइको महत्वको विषयमा सम्झाउने बुझाउने कार्य गर्नु पर्‍यो । तब पछि मात्र कान्छीको परिवारले चर्पीको प्रयोग गर्ने प्रतिबद्धता जाहेर गर्‍यो । करिब एक महिना पश्चात् सोहि घरमा पुग्दा कान्छी दनुवारले व्यक्त गरेको शब्दहरू "सरहरूको अगाडी एकदमै लज्जित हुनुपर्‍यो । जीवनमा नभई

नहुने चर्पीको महत्व र आवश्यकताका बारेमा मेरो आँखा खुल्यो । अब त साबुन पानीले हात पनि धुन थालेकी छु ।"

### *२४. अब आधा दिन मै घर जानु पर्दैन (रुपन्देहि)*

*संकलक : श्रृजना कार्की*

"महिनाको चार दिन कसरी कटाऊँ जस्तो लाग्थ्यो । विद्यालय गए पनि पढाइमा भन्दा पनि कतै फ्रकमा दाग लाग्छ की वा अरू कसैले देखेर थाहा पाउँछन् कि भन्ने त्रासै त्रासमा बस्नु पर्थ्यो, कहिले काहीं त आधा दिनमा नै घर जान बाध्य हुन्थें ।" यो साझा पिडा हो तिलोत्तमा मा. वि. बुटवलको कक्षा १० मा अध्ययनरत सबिता नेपाली, बर्षा राना, जानकी घिमिरे लगायतका छात्राहरूको । एउटा अनौपचारिक छलफलमा व्यक्त यो भनाईले सारा छात्रा विद्यार्थी जो महिनावारी जस्तो प्राकृतिक प्रक्रियामा पनि अनेक चिन्ता र डरका साथ विद्यालयमा हाजिर भई पढ्ने कोसिस गरिरहेकाहरूको प्रतिनिधित्व गर्दछन् ।

विद्यालयमा चर्पीको सुविधा पर्याप्त नहुनु या सेनिटरी प्याडको प्रयोगपछि फाल्ने ठाउँको उचित व्यवस्थापनको राम्रो प्रबन्ध नहुँदा कक्षा नै छोड्नु पर्ने अवस्था रहेसम्म छात्र र छात्राले कसरी समान अवसर पाउन सकिन्थ्यो ? डर र संकोचका साथ विद्यालय आएर पनि के नै सिक्न सकिन्थ्यो ? छात्राहरूको यस्तो असहज परिस्थितीलाई समाधान गर्न जब यस विद्यालयमा चर्पीसँगै सेनिटरी प्याड फाल्ने र जलाउने प्याड इन्सिनेरेटर बन्यो तब उनीहरू प्रायः ढुक्क भएका छन् । अझ विद्यालयकै एक शिक्षिकाबाट अपरझटको समस्या टार्न सेनिटरी प्याड सस्तो दरको खुद्रामा किन्न पाउने भएपछि निर्धक्क भएर महिनाभरी नै विद्यालय आउन थालेका छन् । "हामीलाई आवश्यक परेको बेलामा प्याड फेर्न अब कुनै समस्या छैन, न त प्रयोग भएको प्याड नै फाल्नको लागि । पहिला जस्तो आधा दिनमा नै हाफ छुट्टि लिएर घर जानु पर्दैन ।"

प्रयास र लगानी सानै भएतापनि समस्या भोगिरहेका छात्राहरूलाई ठूलै सहयोग गरेको विद्यालयका शिक्षिका बताउँछिन् । कुरा बुझ्ने हो भने र छात्राहरूको स्थानमा आफूलाई राखेर सोच्न मात्र सके पनि उनीहरूलाई समान अवसरको सिर्जना गर्न ठूलो धनराशीको आवश्यकता पर्दैन भन्ने कुरा बुटवलको यस विद्यालयमा स्वस्थ परियोजनाले निर्माण गरेको प्याड इन्सिनेरेटरले प्रमाणित गरेको छ ।

# एन्फोले प्राप्त गरेका पुरस्कारहरु

कञ्चन आर्सेनिक फिल्टरका लागि वर्ल्ड बैंक डेवेलप्मेन्ट मार्केटप्लेस (**World Bank Development Marketplace**) द्वारा पुरस्कृत (सन् २००३)





कञ्चन आर्सेनिक फिल्टरका लागि नेपाल डेवेलप्मेन्ट मार्केटप्लेस (**Nepal Development Marketplace**) द्वारा "लौ न अब त केही गरौं" पुरस्कारबाट सम्मानित (सन् २००५)

तत्कालीन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा राष्ट्रिय वातावरण पुरस्कारबाट सम्मानित (सन् २००५)





वायु गुणस्तर सुधार कार्यका लागि पार्ट्नरसिप फर क्लिन इन्डोर एयर् सञ्जाल (**Partnership for Clean Indoor Air (PCIA), an International Network**) द्वारा "स्पेशल अचिभमेन्ट पुरस्कार (**Special Achievement Award**)" बाट सम्मानित (सन् २००९)

समुदायमा सञ्चालित खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी अनुकरणीय कार्यका लागि जापान वाटर फोरम (**Japan Water Forum**) द्वारा "चौथौं क्योटो वर्ल्ड वाटर ग्रयान्ड पुरस्कार (**4th Kyoto World Water Grand Prize**)" बाट सम्मानित (सन् २०१५)






बायोस्याण्ड फिल्टर मार्फत् सुरक्षित खानेपानी प्रवर्द्धनका लागि "द ह्युम्यानिटेरीयन वाटर एण्ड फुड पुरस्कार (**The Humanitarian Water and Food (WAF) Award**)" द्वारा सम्मानित (सन् २०१५)







*वातावरण र जनस्वास्थ्य संस्था (एन्फो)*

११०/२५ आदर्श मार्ग-१, नयाँ बानेश्वर । पो.व.नं. ४१०२, काठमाडौं, नेपाल

फोन : ४४६१७०९, ४४६८६४१ । फ्याक्स : ९७७-१-४४९१३७६

इमेल : enpho@enpho.org । वेबसाइट : www.enpho.org